जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २८ अंक ३ २०८३ वैशाख २० गते आइतबार (May. 3, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## सुकुम्बासी र अध्यादेश काण्डले बालेन्द्र सरकार संकटमा

# जेनजीद्वारा प्रधानमन्त्रिको राजीनामा माग

काठमाडौं । प्रधानमन्त्रि बालेन्द्र शाहले सबै पक्षलाई समेटेर अगाडि बढ्ने नीति लिनुपर्नेमा सबैलाई दपेटेर अगाडि बढ्ने नीति अख्तियार गरेपछि सर्वत्र बिरोध शुरुभएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसलगायतका संसदमा रहेका मुख्यत एमाले र नेपाली कम्युनिष्ट पार्टीकाबीचमा त्रिदलीय गठबन्धन बनेको छ । त्यसैगरी सुकुम्बासीहरुको उठिबास गरेकोभन्दै कतिपय जेनजी समूहहरुले समेत प्रधानमन्त्रि बालेन्द्र द्रको राजीनामा मागेका छन् । घनश्याम भुसाल नेतृत्वको नेकपा (संयुक्त)ले सरकारविरुद्ध आगामी २३ गते माइतीघरमा प्रदर्शनगर्ने भएको छ । बालेन्द्र शाह नेतृत्वको सरकारले संसद्लाई छलेर अध्यादेशद्वारा शासनगर्ने प्रवृत्ति र सुकुम्बासीहरुको घरमा डोजर चलाएर घरबारविहीन बनाएको बिरोधमा नेकपा संयुक्तले माइतीघरमा प्रदर्शनगर्ने भएको हो ।



त्यसैगरी बिभिन्न पार्टीका बिद्यार्थी र कर्मचारी संगठनहरु पनि आन्दोलित भएका छन् । गत शुक्रबार काठमाडौं जिल्लाभित्रका नदि किनार तथा अनाधिकृत संरचनामा सरकारले डोजर चल्ने सूचना जारी थियो । तर, फितलो तयारी कारण बस्ती खाली गराउने अभियान पूर्णस्तरमाभने सञ्चालन हुनसकेनभन्दै हिजो शनिबार पनि अभियान जारी राखिएको थियो । कतिपय बस्ती खाली गराइए पनि वास्तविक सुकुम्बासीको पहिचान र व्यवस्थापनमाभने सरकारी तयारी पुगेको छैन् । अझं बल्खुस्थित सुकुम्बासी बस्तीका एकजनाको निधनले तरंग पैदा गरिदिएको छ । डोजरमार्फत हटाइएको बल्खु सुकुम्बासी बस्ती नजिकै सोही बस्तीमा बस्ने इन्द्रबहादुर राई मृत भेटिएपछि मृत्यु दुरुत्साहनको प्रशंग उठाउन थालिएको छ । त्यसैगरी थापाथलीको सुकुम्बासी बस्तीमा एकजना युवकले आत्मदाह गरेको घटना बाहिरिएको छ । बल्खुस्थित सुकुम्बासी बस्तीमा डोजर लगाउँदा बौद्ध गुम्बा भत्काइएको विषय पनि उठेको छ । बुद्ध जन्मजयन्तीकै दिन गुम्बामा डोजर चलेपछि सो विषय पनि राष्ट्रियस्तरमै चर्चामा रहेको छ । डोजर लगाएर बस्ती खालि गराउदा कोहि बेहोस एका थिए । काठमाडौंका विभिन्न सुकुम्बासी बस्तीमा सरकारद्वारा डोजर चलाएको विषयमा जेनजी मुभमेन्ट नेपालले वक्तव्य जारीगर्दै प्रधानमन्त्री बालेन्द्र द्र शाहमाथिनै आत्महत्या दुरुत्साहनको आरोपमा कानुनी कारबाहीगर्न मागगरेको छ । थापाथली, मनोहरा, सिनामंगल र बल्खु **बाँकी ८ पेजमा**

## छिमेकी चीनले पनि सुरक्षा सहकार्यगर्ने

काठमाडौं । नेपालमा रास्वपाको नयाँ सरकार गठन भएपछि अमेरिकी गतिविधि अत्यधिक बढेकोभन्दै बिरोध भैरहेकै बेला छिमेकी चीनले पनि सुरक्षा सहकार्यगर्ने प्रस्ताव गरेको छ । नेपालका लागि चीनका राजदूत चाङ माओमिङले चीन–नेपाल सुरक्षा सहकार्यमा जोडदिँदै त्यसलाई अझ सुदृढ बनाउन हरसम्भव प्रयत्नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । काठमाडौंको महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा हालै आयोजित प्रहरी नेतृत्व तथा कर्मचारी पाठ्यक्रम (पिएलएससी) प्रथम समूहका सहभागीहरुसँगको छलफलमा चिनियाँ राजदूतले द्विपक्षीय सुरक्षा सहकार्यलाई सुदृढ बनाउन सक्दो प्रयत्नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । त्यसक्रममा उहाँले नेपाल प्रहरीका भावी नेतृत्वसँग विविध समसामयिक विषयमा बिचार आदानप्रदान भएको बताउनु भएको थियो । त्यसैगरी नेपाल चीन सम्बन्ध, समकालीन विश्व तथा क्षेत्रीय सुरक्षा चुनौतीलगायतका विषयमा पनि छलफल भएको थियो । सहभागीहरुले दुवै देशबीचको सम्बन्धको वर्तमान अवस्था, आपसी सहकार्य र भविष्यका **बाँकी ८ पेजमा**

## नेपालमा अमेरिकी चलखेल अत्यधिक

काठमाडौं । नेपालमा रास्वपाको वर्तमान सरकार गठन भएपछि अमेरिकी चलखेल अत्यधिक बढेकोभन्दै चिन्ता र चासो व्यक्त हुन थालेका छन् । यसैक्रममा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नेपालमा अमेरिकी चलखेल अत्यधिक बढेकोमा चिन्ता व्यक्त गर्नुभएको छ । १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा गत शुक्रबार बुटवलमा आयोजित कार्यक्रमलाई सम्बोधनगर्दै अध्यक्ष केसीले सरकारले लोकतान्त्रिक अधिकारहरु सीमितगर्दै विद्यार्थी संगठनहरुमात्र नभई मजदुर संगठनहरुलाईसमेत नियन्त्रण वा प्रतिबन्ध लगाउने नीति अपनाइरहेको बताउनुभएको थियो । उहाँले सरकार विदेशी प्रभावमा सञ्चालन भइरहेको बताउँदै विशेषगरी अमेरिकी युथ काउन्सिललाई मान्यता दिन खोजिएको विषय उठाउनु भएको थियो । उहाँले नेपालमा बाह्य शक्तिको प्रभाव बढ्दै गएको छ । यो राष्ट्रिय स्वाधीनता र जनताको हित विपरीत छ भन्नुभएको थियो । कार्यक्रममा कम्युनिष्ट संग्रहालयका अध्यक्ष चेतनानाथ **बाँकी ८ पेजमा**

## ट्रेड यूनियन खारेज नगर्न सरकारसँग आग्रह

काठमाडौं । ट्रेड यूनियन खारेज नगर्न सरकारसँग आग्रहगर्ने क्रम बढेको छ । यसैक्रममा संसदमा रहेका प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीसहितका विपक्षी दलको बैठकले जनजीविका र समसामयिक सवालमा वर्तमान सरकारको ध्यानाकर्षण गराएको छ । राष्ट्रियसभामा एमाले संसदीयका दलका नेता प्रेमप्रसाद दंगाल, नेपाली कांग्रेसका संसदीय दलका मुख्य सचेतक बासना थापा र नेपाल कम्युनिष्ट पार्टीका दलका प्रमुख सचेतक युवराज दुलालसहितको बैठकले उपरोक्त ध्यानाकर्षण गराएको हो । उनीहरुले सुकुम्बासी समस्याको दीर्घकालीन समाधानलगायत विषयमा चासो व्यक्त गरेका छन् । बैठकपछि जारी वक्तव्यमा बढ्दो महँगी नियन्त्रण र सार्वजनिक सुपथ मूल्य सञ्चालनमा ल्याउन, किसानलाई रसायनिक मलको समयमा प्रबन्धगर्न, कुखुरालगायत पक्षीहरुमा देखिएको बर्डफ्लु प्रभावित किसानलाई राहत दिन आग्रह गरिएको छ । त्यसैगरी, पेट्रोलियम पदार्थको सहज आपूर्ति र सहुलियत प्याकेज दिन, विद्यार्थी संगठन तथा कर्मचारी ट्रेड यूनियन खारेज नगर्न र सरकारको आगामी नीति कार्यक्रम **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेसमा आन्तरिक बिवाद तीब्र

काठमाडौं । नेपाली कांग्रेसमा आन्तरिक बिवाद तीब्रभएको छ । पार्टीलाई बिभाजनमा पुऱ्याउन प्रमुख भूमिका निर्वाह गरेका गगन थापा र विश्व प्रकाश शर्माले पदबाट राजीनामा गरेमा सो पार्टी फेरी एक हुनेभएको छभने पद त्याग नगरे कांग्रेस तीनचिरा हुने संभावना देखिएको छ । नेकांको गगन थापा र शेरबहादुर देउवा समूहका बीचमा तीव्र प्रतिस्पर्धा चलिरहेकै बेला सो पार्टीका नेता डा. शेखर कोइरालाले पार्टीको आन्तरिक विवादका सम्बन्धमा आफू निकटका नेताहरु तथा सरोकारवालाहरुसँग अलग्गै छलफल थाल्नुभएको छ । गतसाता काठमाडौंको विशालनगरमा रहेको आफ्नो सम्पर्क कार्यालयमा उहाँले नेपाली कांग्रेसले संसदीय दलको नेता अधिसार्न नसकीरहेको र पार्टीभित्र असन्तुष्टि बढिरहेका बेला आफू निकटहरुसँग छलफल गर्नुभएको थियो । छलफलमा पुरुषोत्तम दाहाल, किशोर नेपाल, डा. दिनेश भट्टराई, मधुरमण आचार्य, हरिदर्शन श्रेष्ठ, शेरबहादुर केसी, उपेन्द्रकेशरी न्यौपाने, डा. बिनिता कार्की, **बाँकी ८ पेजमा**

## जनआन्दोलनबाट प्राप्त उपलब्धि गुम्ने चिन्ता

काठमाडौं । नेपालमा गत फागुन २१ को निर्वाचनबाट रास्वपाको नयाँ सरकार गठन भएपछि ०४६ र ०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धि गुम्ने चिन्ता व्यक्त हुनथालेका छन् । यसैक्रममा नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले उपरोक्त चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले वर्तमान सरकारको पहिलो प्रहार सुकुम्बासीमाथि हुनु दुर्भाग्यपूर्ण भएकोसमेत बताउनु भएको छ । अखिल नेपाल ट्रेड यूनियन (अन्टुक)ले गत शुक्रबार आयोजना गरेको १३७ औं मजदुर दिवस कार्यक्रमलाई सम्बोधनगर्दै महामन्त्रि सिंहले उपरोक्त चिन्ता व्यक्त गर्नुभएको थियो । त्यसक्रममा उहाँले आफ्ना फासिष्ट क्रियाकलापलाई संवैधानिकरुप दिन संविधान संशोधनगर्ने प्रयास भइरहेको पनि बताउनु भएको थियो । उहाँले **बाँकी ८ पेजमा**

## नेपाली कम्युनिष्ट पार्टीमा बिवाद बढ्दो

काठमाडौं । पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीमा आन्तरिक बिवाद बढेपछि आगामी असारमा गर्नेभनिएको एकताको राष्ट्रिय महाधिवेशन आगामी मंसिर ११ देखि १५ गतेसम्म काठमाडौंमा गर्नेगरी सारिएको छ । पार्टीको गतसाता बसेको केन्द्रीय संयोजन समितिको बैठकले उक्त निर्णय



गरेको हो । पार्टी निकट जनवर्गीय संगठनलाई व्यवस्थित बनाउन आगामी जेठ मसान्तभित्र केन्द्र, प्रदेश, पालिका, वडा संगठनको समायोजन सम्पन्नगर्ने कार्यसूची अगाडि सारिएको छ । आगामी कात्तिक १५ भित्र सबै प्रदेशका अधिवेशन पूरागर्ने भनिएको छ । सो पार्टीमा कार्य विभाजनलाई लिएर विवाद देखिएपछि महाधिवेशन पर सार्नुपरेको जानकारहरुको भनाई छ । केन्द्रीय संयोजन समितिको बैठकमा शीर्ष नेताहरुको कार्य विभाजनमा विवादहुँदा निर्णय नगरी बैठक स्थगित भएको थियो । **बाँकी ८ पेजमा**

## भन्सारहरुमा राजस्व संकलन प्रभावित

काठमाडौं । भन्सारहरुमा राजस्व संकलन प्रभावित भएका समाचारहरु बाहिर आउन थालेका छन् । वर्तमान सरकारले लिएको गलत भन्सार नीतिको बिरोधगर्दै उद्यमी व्यवसायी हरुले भन्सारको जाँचपासमा वर्तमान सरकारलाई असहयोग गरेपछि राजस्व संकलन प्रभावित भएको हो । यसैक्रममा वीरगञ्ज भन्सार कार्यालयले आयातीत एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयनगर्न खोज्दा गत केही दिनदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन् । आयातकर्ता भन्सार जाँचपासगर्न फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको छ । उनीहरुको असहयोगका कारण राजस्व संकलन प्रभावित भएको बताइएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख कृष्णप्रसाद मैनालीकाअनुसार आयात निर्यातकर्ताले जाँचपासको फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका काममा सरिक नहुँदा जाँचपास रोकिएको हो । सरकारको **बाँकी ८ पेजमा**

## बिभिन्न स्थानमा भारतीय अतिक्रमण जारी

काठमाडौं । काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा सरकारी जमिन अतिक्रमण गरेकोभन्दै वर्तमान सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाइरहेकै बेला छिमेकी भारतले नेपाली भूमी हडपेका समाचारहरु बाहिर आउन थालेका छन् । भारत र चीनले नेपालसँग कुनै समन्वयनै नगरि एकतर्फीरुपमा कैलाश मानसरोवरको तीर्थयात्राका लागिभन्दै नेपाली भूमि लिपुलेकहुँदै आवत–जावतको सहमति गरेका छन् । भारतीय ट्राभल एजेन्सीहरुले कैलाश मानसरोवर यात्राको बुकिडनै लिन थालेपछि सो विषयले नेपालको सार्वभौमिकता र प्राथमिकताका विषय थप चर्चामा आएका छन् । नेपाल र भारतबीच सीमा विवाद लामो समयदेखि चलिरहेको छ। नेपालका भूभाग लिपुलेक, **बाँकी ८ पेजमा**

## अमेरिका नेपालमा लगानी र व्यापारमा पनि संलग्न हुने

काठमाडौं । नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्दैआएको शक्ति राष्ट्र अमेरिकाले अब नेपालमा लगानी र व्यापारमा समेत संलग्न हुने इच्छा देखाएको छ । गत बिहीबार–शनिबार नेपाल भ्रमणमा रहेका संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्य एशियाका लागि विशेषदूत सर्जियो गोरले नेपालका परराष्ट्रमन्त्री र अर्थमन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता गर्दा उपरोक्त चाहना व्यक्त गर्नुभएको थियो । उक्त भेटमा नेपाल र अमेरिका बीचको सम्बन्धलाई थपउचाइमा पुऱ्याउने र आर्थिक विकासका क्षेत्रमा सहकार्य बढाउने विषयमा छलफल भएको भनिएको थियो । परराष्ट्र मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री शिशिर खनाल र विशेषदूत गोरबीच नेपाल–अमेरिका सम्बन्धका विविध आयामहरुलाई अझ

**समाचार विश्लेषण**

सुदृढ र प्रभावकारी बनाउने विषयमा कुराकानी भएको सो मन्त्रालयले जनाएको थियो । त्यसक्रममा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई समयसापेक्ष सुदृढ बनाउँदै द्विपक्षीय लगानीलाई प्रोत्साहनगर्ने र व्यापार प्रवर्द्धनका नयाँ अवसरहरु पहिल्याउने विषयमा विशेष जोडदिइएको थियो । त्यसैगरी विशेषदूत गोरले अर्थ मन्त्रालय पुगेर अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग पनि भेट गर्नुभएको थियो । अर्थमन्त्रीको कार्यकक्षमा भएको उक्त भेटघाटमा मुख्यगरी नेपाल र अमेरिकाबीचको आर्थिक साझेदारी र विकास सहायताका विविध पक्षहरुमा छलफल केन्द्रित रहेको अर्थमन्त्रालयले जनाएको थियो । त्यसक्रममा मन्त्री डा.वाग्लेले नेपालको वर्तमान आर्थिक अवस्था र सरकारले अघिसारेका विकासका प्राथमिकताकाबारेमा अमेरिकी विशेषदूतलाई अवगत गराउनुभएको थियो । जवाफमा विशेषदूत गोरले नेपालको आर्थिक विकास र समृद्धिमा अमेरिका सधैं साथमा रहने प्रतिबद्धता जनाउनु भएको थियो । उहाँहरुबीच नेपालमा अमेरिकी सहयोगमा सञ्चालित एमसीसी लगायतका परियोजनाहरुको प्रभाव कारिता र **बाँकी ८ पेजमा**

## संविधान संशोधन चरम बिवादमा

काठमाडौं । प्रधानमन्त्रि बालेन्द्र द्र शाहले थालेको संविधान संशोधन चरम बिवादमा परेको थाहाभएको छ । भनिन्छ संविधान संशोधनका लागि बहसपत्र तयारगर्न गठित कार्यदलमा प्राप्त सुझावहरु प्रधानमन्त्रि शाहको चाहना विपरितका रे [redacted] कार्य दलका संयोजक [redacted] सरकारले एकलौटी ढंगले संविधान संशोधनगर्न लागेको भनि प्रचार हुनु गलत भएको बताउनु भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गतसाता आयोजित संविधानविद् तथा कानूनविद्हरुसँगको परामर्श बैठकमा संयोजक साहले पछिल्लो समयमा बाहिर आइरहेको यो भ्रमलाई चिर्दै सबै राजनीतिक दल तथा सरोकारवालाहरुसँगको बृहत् परामर्शबाटनै संविधान संशोधन हुने समेत बताउनु भएको थियो । उहाँले सरकारको १०० दिने कार्ययोजनाअनुरुप नै संविधान संशोधनका लागि बहसपत्र तयारगर्न उक्त कार्यदल गठन गरिएको पनि बताउनु भएको थियो । उहाँले वर्तमान संविधानको संशोधन कुनै एउटा राजनीतिक दल वा सरकारकोमात्र इच्छाले नभई पूर्णतः राष्ट्रिय सहमतिको आधारमामात्र सम्भव हुने साझा विषय हो । हामीले तयार पार्ने बहसपत्रमा बृहत् छलफल र बहस हुन्छ र सबैको सहमतिको दस्तावेज तयार भएपछिमात्र संविधान संशोधन हुने हो भन्नुभएको थियो । छलफलमा कार्यदलका सदस्य सचिव लीलाधर सुवेदीले संविधान संशोधनका आवश्यक विषयमा प्रस्तुति दिनुभ[redacted]। संविधान संशोधनका [redacted] स्वरुप, प्रत्यक्ष निर्वा[redacted] राष्ट्रपति, बिज्ञ मन्त्री हु[redacted] नहुने व्यवस्था, मन्त्रिप[redacted]न, मन्त्रीको जवाफदेहिता, निर्वाचन प्रणाली, विदेशमा रहेका नागरिकको मताधिकार छलफलका विषयहरु हुनुपर्नेमा उहाँले प्रस्तुति दिनुभएको थियो । उहाँले राष्ट्रियसभा अध्यक्ष/उपाध्यक्षको भूमिका, निर्वाचनमा गठबन्धन संस्कृतिलाई कसरी व्यवस्थित बनाउने, संघीयताको प्रभावकारिता, स्थानीय तहलाई कसरी उत्तरदायी बनाउनेलगायत विषय प्रस्तुत गर्नुभएको थियो । **बाँकी ८ पेजमा**

## जेनजीद्वारा..

क्षेत्रमा भएको डोजर कारवाहीका कारण दुईजनाले आत्महत्या गरेको बिषय उठाउँदै मुभमेन्टले त्यसलाई राज्य आतंकको संज्ञा पनि दिएको छ। त्यस्तै जेनजी फ्रन्टलेसमेत सरकारको कदमलाई अमानवीय र असवैधानिक भन्दै विरोध जनाएको छ। वक्तव्यमा सरकारले यस्ता गतिविधि नरोके नागरिक सर्वोच्चताको बलमा सत्ताच्यूत हुनसक्ने चेतावनी समेत दिइएको छ। त्यसैगरी बर्तमान सरकारले संसदलाई छलेर देशको शासन सत्ता सञ्चालनगर्न खोजकोभन्दै अधिकांश दलहरुले बिरोध गरेका छन्। यसैक्रममा नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङदेम्बेले सरकारले संसद रोकेर अध्यादेश ल्याउनु अलोकतान्त्रिक कदम भएको बताउनुभएको छ। नेता आङदेम्बेले सामाजिक सञ्जालमार्फत विज्ञप्ति जारीगरी लोकतान्त्रिक प्रक्रियाबाट बनेको सरकारले संसद रोकेर अध्यादेश ल्याउनु अलोकतान्त्रिक कदम भएको बताउनुभएको हो। विज्ञप्तिमा लोकतन्त्र प्रक्रियामात्रै होइन, मूलतः प्रवृत्ति हो, संसद अधिवेशनको बैठक स्थगित गराएर, अध्यादेश ल्याउनु लोकतान्त्रिक प्रक्रियाबाट बनेको सरकारको अलोकतान्त्रिक कदम हो, सरकारले अध्यादेश जारीगर्न राष्ट्रपतिसमक्ष पठाएको विषय दुःखद र गम्भीर छ भनिएको छ। त्यसैगरी रास्वपा समर्थकहरुको विश्व सञ्जाल प्रवास नेपाली सम्पर्क विभाग अमेरिकाले नेपाल सरकारले हालै अघिबढाएको गैरआवासीय नेपालीसम्बन्धी कानूनलाई संशोधन र एकीकरणगर्न बनेको विधेयकप्रति गम्भीर आपत्ति जनाउँदै त्यसलाई तत्काल फिर्तालिन माग गरेको छ। रास्वपा सम्मिलित वर्तमान सरकारले छलफलका लागि ल्याएको उक्त विधेयकले विश्वभर छरिएर रहेका ६० लाखभन्दा बढी प्रवासी नेपालीहरुको आफ्नो मातृभूमिसँग जोडिने सपना र आक्यांक्षामाथि कुठाराघात गरेको विभागको ठहर छ। उनीहरुले न्यूयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारीमार्फत प्रधानमन्त्री बालेन्द्र द्र शाहलाई सम्बोधनगर्दै एक विस्तृत ज्ञापनपत्र बुझाएका छन्। विभागका कार्यवाहक अध्यक्ष सम्मरबहादुर बुढाथोकीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बुझाएको उक्त पत्रमा प्रवासमा रहेका नेपालीहरुको हकअधिकार सुनिश्चितगर्न र रास्वपाले निर्वाचनका बेलागरेको नागरिक करार एवं सरकारको न्यूनतम साझा कार्यक्रममा उल्लेखित वंशजको नागरिकताको निरन्तरतासम्बन्धी प्रतिबद्धतालाई पूर्णरुपमा कार्यान्वयनगर्न जोड दिइएको छ। ज्ञापनपत्रमा अमेरिकाका बिभिन्न राज्यका समिति र केन्द्रीय समितिकागरी कूल ३२ जना जिम्मेवार पदाधिकारीहरुले हस्ताक्षर गरेका छन्। ज्ञापनपत्र बुझाउनेक्रममा कार्यवाहक अध्यक्ष बुढाथोकीले न्यूयोर्कस्थित महावाणिज्य दूतावासमात्र नभई वाशिंटन डीसीस्थित नेपाली राजदूतावास, डालस, टेक्सस र सान फ्रान्सिस्कोस्थित महावाणिज्य दूतावासमार्फत पनि सरकारलाई थप दबाब दिइने जानकारी दिनुभएको छ। सो ज्ञापनपत्र प्रधानमन्त्रीका अतिरिक्त सभामुख डिपी अर्याल, रास्वपा सभापति रवि लामिछाने, परराष्ट्र मन्त्री शिशिर खनाल, कानूनमन्त्री सोविता गौतम र अन्य सरोकारवाला निकायहरुलाई समेत बिभिन्न माध्यमबाट पठाइएको थाहाभएको छ। प्रमुख प्रतिपक्षी दललगायतको तीब्र बिरोधका बीचमा पनि राष्ट्रपतिले कतिपय अध्यादेश स्वीकृत गरेको र सुकुम्बासी माथिको कारवाही जारीराखिएपछि आन्दोलन भडकिने संकेतहरु देखिएका छन्। बहुमतको सरकार भएपनि राजनीतिक अस्थिरता कायमै रहनु खतर्नाक संकेत भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

## नेपाली..

जगदीश दाहाल, कुलचन्द्र वाग्ले, पुरञ्जन आचार्य, विष्णु बुढाथोकी, डा. उद्धव प्याकुरेल तथा जेन्जी युवाहरु अभिजित अधिकारी र करिना पुरी सहभागी हुनुभएको थियो। त्यसैगरी, छलफलमा कांग्रेसका प्रभावशाली नेताहरु डा. शशांक कोइराला, सुजाता कोइराला, धनराज गुरुङ, बद्री पाण्डे, जीवन परियार, एनपी साउद, डा. मीनेन्द्र रिजाल र डा. गोविन्दराज पोखेल पनि सहभागी हुनुभएको थियो। भेलामा वर्तमान राजनीतिक अवस्था, पार्टीको आन्तरिक एकता तथा आगामी रणनीतिबारे छलफल भएको थाहाभएको छ। सो पार्टीमा नेताहरुका बीचमा अविश्वास, आरोप-प्रत्यारोप, शक्ति संघर्ष र असन्तुलित निर्णयहरु बढेरगएका छन्। कृष्णप्रसाद सिटौलाजस्ता पुराना र प्रभावशाली नेतामाथि गरिएको कारवाही, राष्ट्रियसभा संसदीय दलको नेताबाट सिटौलालाई हटाएर कमला पन्तलाई ल्याउने कदमलगायतले हलचल शुरुभएको छ। हिजो शेरबहादुर देउवाको कार्यशैलीमाथि प्रश्न उठाउँदै, गुटगत राजनीतिविरुद्ध आवाज उठाउँदै, परिवर्तनको नारासहित अघिबढेका गगनले हाल आफैँ त्यही शैली दोहोऱ्याइरहेको बताउन थालिएको छ। देउवा समूह अझैपनि पूर्णरुपमा गगन थापाको नेतृत्व स्वीकार्न तयार देखिएको छैन। त्यसैगरी नेपाली कांग्रेसमा क्रियाशील सदस्यता नवीकरण चरम बिवादमा परेको छ। यसैक्रममा नेपाली कांग्रेसले नवीकरण शुल्क र नयाँ क्रियाशील सदस्यता शुल्कसहित केन्द्रीय कार्यालयको सिस्टममा प्रविष्ट नभएका जिल्ला र क्षेत्रको हकमा उक्त कार्यगर्न एकहप्ताको समय दिएको छ। पार्टीको सदस्यता व्यवस्थापन केन्द्रीय समितिका संयोजक एवं महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले एकहप्ताका लागि नवीकरण र नयाँ क्रियाशील सदस्यता इन्ट्रीगर्न समय दिएपनि देउवा र डा. कोइराला समूहले सदस्यता नविकरण नगरेको बताइएको छ।

## बिभिन्न..

लिम्पियाधुरा र कालापानीलगायतका क्षेत्रमा भारतले हस्तक्षेप र अतिक्रमण गरेको छ। नेपालले प्रशासनिक नक्सालेसमेत समेटेको भूमीमा भारतले एकतर्फीरुपमा पूर्वाधार निर्माणदेखि अन्य कामहरु निर्वाध गरिरहेको छ। भारतले एकतर्फीरुपमै लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायतका क्षेत्र आफ्नो भएको दाबी जारीराखेको छ। भारतको विदेश मन्त्रालयले सन् २०२६ का लागि कैलाश मानसरोवरको यात्राको औपचारिक घोषणागर्दै आवेदन आह्वान गरेको छ। भारतको विदेश मन्त्रालयले गतसाता बिहीबार प्रेस विज्ञप्तिनै जारीगरेर चीन सरकारसँगको समन्वयमा कैलाश मानसरोवर यात्रा सम्पन्न गराउने उल्लेख गरेको छ। सो यात्रा आगामी जुनेखि अगष्टसम्म सञ्चालन हुने जनाइएको छ। भारतले सो यात्रा उत्तराखण्डहुँदै लिपुलेकबाट हुने भनेको छ। विवादास्पद भूमिको प्रयोगगर्दै हुने भनिएको यात्रामा नेपाललाई कुनै पनि जानकारी नदिनुले भारतको नेपालप्रतिको हेपाहा प्रवृत्ति थप उदाङ्ग भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूभाग रहेको तथ्य महाकाली सन्धिले स्पष्टगरेको छ। कालापानी क्षेत्रका जनताले नेपालतर्फ तिरो तिरेका ऐतिहासिक तथ्य र प्रमाणहरुसमेत रहेका छन्।

## जनआन्दोलन..

नेपालको मजदुर आन्दोलन पनि समाजवाद, साम्यवादतर्फ लक्षित रहेको बताउँदै क्रान्तिकारी आन्दोलनमा अगाडि बढ्न मे दिवसले महत्वपूर्ण शिक्षा र प्रेरणा दिएको बताउनु भएको थियो। वर्तमान राजनीतिक सन्दर्भमा बोल्दै सिंहले नेपालमा जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई उल्टाउन प्रयास भइरहेको बताउनु भएको थियो। उहाँले नेपालको पछिल्लो राजनीतिमा अमेरिकी साम्राज्यवाद हावी भएको बताउँदै अमेरिकाले आफ्नो प्रत्यक्ष नेतृत्व रहेको देशहरुमा फाँसिवादी शासन कायम गरेको बताउनुभएको थियो। बालेन्द्र शाहको नेतृत्वमा चलेको सरकारको एकमहिनाको शासनमानै फासिवादी रुझान देखापरेको उहाँको भनाई थियो। उहाँले ट्रेड यूनियन, स्ववियू, प्रेसमाथिको अंकुशले उपरोक्त कुराको प्रमाणित गरेको बताउनुभएको थियो। उहाँले ०७२ को संविधानको मूल आत्मालाईनै समाप्तगर्ने प्रयास भैरहेको दाबि पनि गर्नुभएको थियो। त्यसैगरी अर्को एक समाचारअनुसार क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सीपी गजुरेलले नेपालका क्रान्तिकारी र जनपक्षीय शक्तिहरुलाई एकजुट भएर श्रमिकहरुको पक्षमा लड्न आग्रह गर्नुभएको छ। क्रान्तिकारी ट्रेड यूनियन महासंघले गत शुक्रबार ललितपुरमा आयोजना गरेको १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको ऱ्यालीमा सहभागी भएपछि सम्बोधनगर्दै उपरोक्त कुरा बताउनु भएको हो। त्यसक्रममा उहाँले नेपालको राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिका कारण जनपक्षीय शक्ति एकजुट हुन जरुरीरहेको पनि बताउनु भएको थियो। अन्य कम्युनिष्ट पार्टीहरुले पनि बर्तमान सरकारका पछिल्ला गतिबिधिको बिरोध गरेका छन्।

## भन्सार...

हालैको निर्णयअनुसार भन्सार विन्दुमा आएका सबै किसिमका उत्पादनमा अनिवार्यरुपमा एमआरपी लागूगर्ने निर्णय गरेको थियो। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले एमआरपी अव्यावहारिक भएकाले आफूहरु भन्सार जाँचपास प्रक्रियामा सहभागी नभएको बताउनुभएको छ। त्यसैगरी चीनवाट आयात गरिएका व्यवसायिक सामग्रीको भन्सार जाँचपास प्रक्रिया रसुवा भन्सार कार्यालय टिमुरेले अस्थायीरुपमा बन्दगरेको छ। आयात गरिएका खाद्य तथा गैरखाद्य वस्तुमा अनिवार्य रुपमा उपभोक्ताका लागि अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गरिएको स्टिकर नटाँसिएको पाइएपछि भन्सार कार्यालयले त्यस्तो निर्णय लिएको बताइन्छ। नेपालको प्रचलित कानूनी व्यवस्थाअनुसार कुनैपनि देशमा उत्पादन भएका उपभोग्य वस्तु नेपाल भित्र्याउँदा उपभोक्ता संरक्षणका लागि प्रत्येक प्याकेटमा एमआरपी स्पष्टरुपमा उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ। आयातकर्ता व्यापारीहरुले उक्त नियम पालना नगरी सामग्री ल्याएपछि भन्सार जाँचपास रोकिएको उक्त कार्यालयले जनाएको छ। रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईकाअनुसार उत्पादक कम्पनी वा आयातकर्ता व्यवसायीले उपभोक्ता मूल्य उल्लेखनगरी सामान आयातगर्नु नियमविपरीत भएकाले त्यस्ता सामग्रीको भन्सार मूल्यांकन तथा जाँचपास रोकिएको हो।

## छिमेकी...

सम्भावनाबारे धारणा राखेका थिए। राजदूत चाङले नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्ध निरन्तर सुदृढहुँदै गएको उल्लेखगर्दै कानून कार्यान्वयन तथा सुरक्षा सहकार्य आगामी दिनमा अझ उच्चतहमा पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो। द्विदेशीय सहकार्यले दुवै देशबीचको आपसी विश्वास अभिवृद्धि गर्नुका साथै क्षेत्रीय स्थायित्वमासमेत महत्वपूर्ण योगदान पुग्ने उहाँको भनाई थियो। त्यसैगरी नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले गत १५ गते प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालसँग भेटगरी द्विपक्षीय सम्बन्ध, संसदीय सहकार्य, विकास साझेदारी र क्षेत्रीय तथा अन्तराष्ट्रिय विषयमा विचार आदानप्रदान गर्नुभएको थियो। भेटकाक्रममा सभामुख अर्यालले नेपाल-चीन सम्बन्ध ऐतिहासिक, मैत्रीपूर्ण र पञ्चशीलको सिद्धान्तमा आधारित रहेको उल्लेखगर्दै यसलाई अझसुदृढ बनाउनुपर्नेमा जोडदिएको सभामुखको सचिवालयले जनाएको थियो। उहाँले एक चीन नीतिप्रति नेपालको पूर्णप्रतिबद्धता दोहोऱ्याउँदै नेपालको भूमि चीनविरुद्ध प्रयोग हुननदिने विषयमा सरकार स्पष्ट रहेको बताउनु भएको थियो। सभामुख अर्यालले वर्तमान सरकार विकास, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रविधि प्रवर्द्धनमा केन्द्रित रहेको उल्लेखगर्दै यसमा चीन सरकारको साथ र सहयोग अपेक्षित रहेको बताउनुभएको थियो। उहाँले सरकारले अघिसारेको १०० बुँदे कार्ययोजना कार्यान्वयनको चरणमा रहेको जानकारी दिँदै राजनीतिक संक्रमणकालमा चीनले देखाएको सद्भावप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो। सभामुख अर्यालले संसदका दुवै सदन, संसदीय समिति र मैत्री समूहमार्फत अन्तरसंसदीय सहकार्य विस्तार गरिने उल्लेखगर्दै आफ्नो कार्यकालमा प्रभावकारी र उत्कृष्ट संसदीय अभ्याय गरिने प्रतिबद्धता जनाउनुभएको थियो। उहाँले सन् २०२२ डिसेम्बर १२ मा प्रतिनिधिसभा र चीनको राष्ट्रिय जनकंग्रेसबीच भएको समझदारीलाई कार्यान्वयनगर्दै विधायिकी निकायबीच सहकार्य अभिवृद्धि गरिने बताउनुभएको थियो। सभामुख अर्यालले व्यापार, लगानी, पूर्वाधार विकास, सीमा नाका स्तरोन्नति तथा कनेक्टिभिटी सुदृढीकरणमा जोडदिँदै बेल्ट एण्ड रोड इनिसिएटिभ कार्यान्वयनमा गति दिनुपर्ने धारणा राख्नुभएको थियो। सभामुख अर्यालले विश्वमा बढ्दो द्वन्द्वप्रति चिन्ता व्यक्तगर्दै नेपाल शान्ति, संवाद र सहकार्यको पक्षमा रहेको बताउनुभएको थियो। त्यसक्रममा राजदूत माओमिङले सभामुखसँगको भेटलाई महत्वपूर्ण अवसरकारुपमा लिँदै राष्ट्रिय जनकंग्रेसकातर्फबाट शुभकामना सन्देश तथा बधाईपत्र हस्तान्तरण गर्नुभएको थियो।

## नेपालमा...

आचार्य, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार बद्रे आलम, बुद्धिजीवी संघका दुर्गानाथ खरेल, उद्योग वाणीज्य संघका ढुण्डिराज शर्मा, नेकपा (मसाल)का जिल्ला प्रबक्ता लालचन्द पन्त, लिलाबहादुर केसी लगायतले पनि आआफ्नो मन्तव्य राख्न भएको थियो। त्यसैगरी राष्ट्रिय जनमोर्चाको हालै सम्पन्न केन्द्रिय समितिको बैठकले बिभिन्न निर्णय गरेको छ। अध्यक्ष चित्रबहादुर केसीको अध्यक्षतामा सम्पन्न सो बैठकले पार्टीको पाचौं राष्ट्रिय सम्मेलन आगामी चैत २४, २५ र २६ गते सम्पन्नगर्ने निर्णय पनि गरेको छ। उक्त सम्मेलन यसभन्दा पहिलेको बैठकले मंसिरलाई ठेगानगरेको थियो। गत फागुन २१ गते सम्पन्न निर्वाचनको समीक्षागर्दैपार्टीले अपेक्षित परिणाम प्राप्तगर्न नसकेता पनि राष्ट्रघात, जनघातका तथा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध जनतालाई सचेत गराउन पार्टी सफल भएको सो पार्टीको निष्कर्ष रहेको छ।

## ट्रेड...

बजेटको तयारीको छलफलमा विपक्षी दललाई सहभागी गराउन माग गरिएको छ। बैठकले दैनिक उपभोग्य वस्तुमा भइरहेको चर्को मूल्यवृद्धि र महँगी नियन्त्रण गर्न असफल भएको भन्दै सरकारको आलोचना पनि गरेको छ। त्यसैगरी बिद्यार्थी संगठन खारेजगर्ने सरकारी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिटदायर भएको छ। सरकारले बिद्यालय तथा विश्वबिद्यालय हाताबाट दलीय बिद्यार्थी संगठन र स्वतन्त्र बिद्यार्थी यूनियन खारेज गर्नेगरी गरेको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको हो। प्रधानमन्त्री बालेन्द्र द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले गरेको उक्त निर्णय असवैधानिक भएको दाबीगर्दै वैज्ञानिक समाजवादी बिद्यार्थी संगठन नेपालका नेताहरुले संयुक्तरुपमा गतसाता रिट दायर गर्नुभएको थियो। रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय र विश्वबिद्यालय अनुदान आयोगलाई विपक्षी बनाइएको छ। वैज्ञानिक समाजवादी बिद्यार्थी संगठनका केन्द्रीय सदस्यहरु सन्दीप थापा, अधिवक्ता प्रदीप विश्वकर्मा, सुमित मैनाली, मिली गौतम र कलश चौलागाईंले दायरगरेको सो रिटमा सरकारको यो कदमले नागरिकको मौलिक हकमाथि प्रहारगरेको उल्लेख छ।

## नेपाली...

बताइएअनुसार वामदेव गौतमले संगठन विभाग प्रमुख र झलनाथ खनालले विदेश विभाग प्रमुख माग्नुभएको थियो। तर संगठन विभाग प्रमुख वर्षमान पुनलाई बनाइएको छ। भूगोलको सात र गैरभूगोलको दुईगरी नौवटा प्रदेशको इन्चार्जका बारेमा पनि नेताहरुकाबीचमा बिवाद रहेको बताइन्छ। सुदूरपश्चिमको इञ्चार्जमा डा. भीम रावल तोकिनु भएकोमा उहाँले इन्कार गर्नुभएको थाहाभएको छ। बिभिन्न २६ वटा समूह मिलेर बनेको भनिएको उक्त पार्टीले गत निर्वाचनमा २६ सिट पनि जित्न सकेपछि नेताहरुका बीचमा आरोप र प्रत्यारोप शुरुभएको हो। संयोजक दाहालले पार्टीका निर्णय नमान्नेलाई पार्टी छाडेर जान चुनौती पनि दिनुभएको छ।

## संविधान..

त्यसैगरी दलविहीन स्थानीय तह वा दलीय व्यवस्थासहितको, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका, प्रधान न्यायाधीशको नियुक्ति, योग्यता पदावधि, उमेर, आचरण अनुशासन, सर्वोच्च अदालत उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको नियुक्ति, योग्यता पदावधि, न्यायपालिकामा हुने विकृति र भ्रष्टाचारको निवारण, न्याय परिषद्को संरचना, प्रतिस्पर्धाबाट न्यायाधीश नियुक्तिको विषयमा पनि आफ्नो धारणा ब्यक्त गर्नुभएको थियो। प्रस्तुतीकरणकाक्रममा सदस्य सचिव सुवेदीले संवैधानिक निकायको संख्या, पदाधिकारीको संख्या, पदाधिकारी नियुक्तिलाई कसरी उत्कृष्ट बनाउनेजस्ता विषय संविधान संशोधनका लागि छलफलको विषय हुनुपर्ने जोड दिनुभएको थियो। कार्यदलका संयोजक साह्ले कार्यदलका सदस्य तथा विज्ञहरुले दिएका सुझावसमेतलाई मनन् गरेर संविधान संशोधनको बहसपत्र तयारगर्ने विषयमा प्रतिबद्धता व्यक्त गर्नुभएको कार्यदलका सदस्य सचिव एवं प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयका, कानून तथा फैसला कार्यान्वयन महाशाखा प्रमुख सुवेदीले जानकारी दिनुभएको थियो। संविधान संशोधनगर्नेबिषयमा छलफल गराउन संसदबाटै समिति गठन हुनुपर्ने माग भएको छ।

## अमेरिका...

भविष्यमा हुनसक्ने थपलगानीका क्षेत्रकाबारेमासमेत सकारात्मक कुराकानी भएको बताइएको छ। गोरले नेपाली सेनाका प्रधान सेनापति र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग पनि भेट्नुभएको थाहा भएको छ। भारतका लागि अमेरिकी राजदूतसमेत रहनुभएका गोरको नेपाल भ्रमणलाई अर्थपूर्ण मानिएको छ। सोही क्रममा नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग अमेरिकी सेनाका दुईतारे जर्नेलले छुट्टै भेटवार्ता गर्नुभएको थियो। भारतको नयाँ दिल्लीस्थित अमेरिकी दूतावासमा सैनिक सहचारीकारुपमा कार्यरत अमेरिकी सेनाका मेजर जनरल प्याट्रिक ए.टिगले गत शुक्रबार सिग्देलसँग भेट गर्नुभएको थियो। मेजर जनरल टिगले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत तथा भारतका लागि अमेरिकी राजदूत सेर्गियो गोरसँगै गत बिहीबार काठमाडौं आउनुभएको थियो। त्यसैगरी अमेरिकी सदनमासमेत नेपालको आन्तरिक राजनीतिबारे छलफल हुनथालेको छ। यसक्रममा अमेरिकी तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्सको विनियोजन समितिले आर्थिक बर्ष सन् २०२७ को विनियोजन विधेयक र त्यससँग सम्बन्धित प्रतिवेदन सार्वजनिकगर्दै नेपालमा रहेका तिब्बती शरणार्थीहरुप्रति आफ्नो समर्थन पुनः पुष्टि गरेको थाहाभएको छ।

## नेपालमा...

किसानका समग्रसमस्या हलगर्न दिएका प्रतिबेदनहरु दराजमा थन्क्याएर जनतका समस्यामाथि स्वार्थको खेलबाडगर्ने काम निरन्तर भइरहेको छ। कृषिलाई गतिहीन र गएगुज्रेको राखेर किसानहरुका समस्या हल नगरी कृषि क्षेत्रपनि बिदेशकै हातमा सुम्पन्ने तारतम्य त मिलाईदै त छैन ? भन्ने गम्भीर प्रश्न पनि उठिरहेको छ। विश्व साम्राज्यवादी भूमण्डलीकरण, बजारीकरण र उदारीकरणजस्ता शोषणमा आधारित र किसानलाई बिस्थापितगर्ने गलत नीतिलेगर्दा बिस्तार, विकसित र आत्मनिर्भर हुनसक्ने हाम्रो कृषि क्षेत्र अगाडि बढ्न सकेको छैन।

हाँसौं : स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# मध्यपूर्वको अस्थिरताले नेपालमा बढ्दैगएको संकट र सरकारको अवस्था

**नेपालमा एकपछि अर्को संकट बढ्दैगएको देखिएको छ। एकातिर गत फागुन २१ को निर्वाचनबाट देशभित्र रास्वपाको एकल सरकार गठन भएपनि सो सरकारले सबैलाई समेटेर लान सकिरहेको छैनभने अर्कातिर पश्चिम एशियामा देखिएको युद्धको अवस्थालेगर्दा स्ंकटमाथि संकट थप्ने काम गरेको छ। यस्तो अवस्थामा नेपालका संसदमा रहेका र नरहेका सबै दलहरुकाबीचमा सहमतीय वातावरण बन्न सक्नुपर्नेमा कतिपय कुरामा रास्वपाभित्रै समेत सहमति कायम हुन नसकेको देखिएको छ। गत १७ गतेका लागि संसदको बजेट अधिवेशन बोलाएर पनि तत्काल स्थगित गरिएको र धमाधम अध्यादेशबाट कानूनमा परिवर्तनगर्न थालिएकाले रास्वपाभित्रै बर्तमान सरकार र त्यसमा पनि प्रधानमन्त्रि बालेन्द्र शाहको आलोचना हुन थालेको छ। यस्तै अवस्था होभने बर्तमान सरकारले अध्यादेशबाटै बजेट ल्याउनसक्ने र बजेट आगामी असार मशान्तमामात्र सार्बजनिक हुनसक्ने लगायतका आशंकाहरु पनि ब्यक्त हुन थालेका छन्। यतिबेलाको अवस्थामा मुख्य समस्या बाह्य परिस्थिति हो। तर आन्तरिक एकता सुदृढ हुन सकेनभने बाह्य परिस्थितिसमेत काबु बाहिर जानसक्ने अवस्था पनि हुन्छ। त्यसैले बर्तमान अवस्थामा सरकारले राष्ट्रिय एकता र सहमतीय राजनीतिमा जोड दिएर आफ्ना गतिबिधि अगाडि बढाउनु बढी उपयुक्त हुने देखिएको छ। इजरायल-इरान-अमेरिका बीचको युद्ध तानातानीको अवस्था केवल हालको घटनामात्र नभई दशकौंदेखि विकसित हुँदैआएको भू-राजनीतिक प्रतिस्पर्धाको परिणाम होभन्ने कुरा स्पष्ट छ। मध्यपूर्वमा शक्ति सन्तुलन कायमगर्ने महत्वाक्यांक्षाले इरान र इजरायलबीच दीर्घकालीन प्रतिस्पर्धा सिर्जना गरेको हो। कतिपयले प्यालेष्टिनी इजरायली संघर्षलाई पनि पछिल्लो द्वन्दको ऐतिहासिक र मूल आधारमध्ये एक महत्वपूर्ण पक्षकारुपमा व्याख्या र बिश्लेषण गरेका छन्। बिगतका घटनाक्रमहरुलाई फर्केर हेर्ने होभने सन् १९४८ मा इजरायल स्थापना भएदेखिनै त्यस क्षेत्रमा असन्तोष र द्वन्दको श्रृंखला शुरुभएको देखिन्छ। इजरायलले आफ्नो सुरक्षा र क्षेत्रीय प्रभाव विस्तारगर्ने रणनीति अघिसारेकाले उसले त्यस क्षेत्रमा बारम्बार युद्धको दुन्दुभी बजाउँदै आएको छ। जसले प्यालेष्टिनी समुदायमाथि निरन्तर दमन बढाएको पाइएको छ। सोही कारणले इरानले प्यालेष्टिनी पक्षलाई समर्थनगर्दै इजरायलसँगको प्रतिद्वन्द्विता तीव्र बनाएको हो। जसमा हाल आएर अमेरिकासमेत मिसिएको छ। इरान आफैमा ऐतिहासिकरुपमा अत्यन्तै पूरानो सभ्यता भएको मुलुक हो। जुन देश सांस्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको छ। त्यसैले इजरायल र अमेरिकाले चाहाँदैमा सजिलै कमजोर हुने अवस्था छैन।**

**इरानले पछिल्ला बर्षहरुमा आफ्नो सैन्य क्षमता, विशेषगरी मिसाइल प्रविधि, उल्लेखनीयरुपमा विकास गरेको स्पष्ट छ। हालको द्वन्दमा पश्चिमी शक्तिहरु विशेषगरी अमेरिका र इजरायलले अत्यधिक सैन्य शक्ति प्रयोग गरिरहे पनि उनीहरुले बिजय हातपार्न नसक्नुको कारण पनि इरान चैतर्फी रुपमा बलियो भएकै कारणले हो। शुरुमा अमेरिका र इरानबीचमो द्वन्द छिट्टै समाप्त हुने अपेक्षा गरिए पनि हाल आएर परिस्थिति झन् जटिल बन्दैगएको अवस्था छ। जसलेगर्दा बिश्वमा देखिएको संकटको अवस्था लामो समयसम्म कायम रहनसक्ने र अन्य देशहरुमासमेत फैलिनसक्ने संकेतहरु देखिन थालेका छन्। मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डाहरु र क्षेत्रीय सुरक्षा संरचनामा पनि तनाव बढिरहेको छ। जसले भविष्यमा बिश्वभर अझ व्यापक अस्थिरता आउनसक्ने संभावना देखिएको छ। इरान र अमेरिका लगायतका उसका सहयोगी राष्ट्रहरु बीचको द्वन्दले केवल राजनीतिकमात्र नभई, आर्थिक र मानवीय संकट पनि निम्त्याइरहेको देखिएको छ। खासगरी तेलको आपूर्ति, ऊर्जा संरचना, पानी आपूर्ति प्रणाली र पूर्वाधारमा असरपरेमा सम्पूर्ण क्षेत्रको जनजीवन प्रभावित हुने अवस्था छ। यस परिघटनाले खाडी मुलुकहरुमा कार्यरत नेपाली श्रमिकहरुको भविष्यलाई पनि खतरामा पार्दैलगेको छ। लाखौं नेपाली कामदार स्वदेश फर्कनु परेको अवस्थामा नेपालको अवस्था के होला ? भन्नेबारे यहाँको सरकारले समयमै ध्यान दिनुपर्ने अवस्था रहेको छ। त्यसैले नेपालको बर्तमान सरकारले हालको अवस्थामा सबै दल, क्षेत्र र पक्षलाई समेटेर अगाडि बढ्ने नीति लिनु उचित हुन्छ। झण्डै दुई तिहाइको सरकारको दम्भकाभरमा कदम चालियोभने त्यसले सरकारलाई कमजोर त बनाउँछनै, यसबाट देशका सामु अकल्पनीय संकटको सिर्जना पनि हुन सक्छ। जुन हालको अवस्थामा बिचारणिय कुरा हो।**

# बर्तमान सरकारको त्रुटीपूर्ण कदम र बिपक्षीहरुको गठबन्धन

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा बढो नाटकीय ढंगले गत फागुन २१ को निर्वाचनभई बनेको रास्वपाको बर्तमान सरकारले शुरुबाटै त्रुटीपूर्ण ढंगले देशको शासन सत्ता सञ्चालन गरेका कारण एकातिर सरकारका प्रायः कदमहरु असफल भैरहेका छन्भने अर्कातिर तीनतिर फर्किएका तीनवटा पार्टी नेकां, एमाले र नेपाली कम्युनिष्ट पार्टीकाबीचमा अनायासै गठबन्धन बन्न पुगेको छ। बर्तमान सरकारले खासमा राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई प्रोत्साहन गर्नेगरी आफ्नो शासनको शुरुवात गरेको हुनुपर्ने थियो। बर्तमान सरकार साँच्चै भन्ने होभने गत भदौ २३ र २४ को बिध्वंश, सोही बिध्वंशलाई आधार बनाएर राष्ट्रपतिबाट भदौ २७ गते चालेको कदम र सोही कदमअनुसार फागुन २१ गते निर्वाचन भएर बनेको सरकार हो। यो सरकारको जग भनेको त्यही हो। भदौ २३ र २४ गते भएको बिध्वंशको हालसम्म छानविन हुनसकेको छैन। त्यतिबेला जो जसले जे प्रयोजनका लागि आन्दोलन गरेको भएपनि आन्दोलनको आबरणमा जुन बिध्वंश भएको थियो, त्यसको जति निन्दा गरेपनि कमै हुन्छ। खासमा त्यो आफैमा आतंककारी गतिबिधि थियो। जसको छानविन गरेर दोषिहरुमाथि सख्त कारवाही नभएसम्म यो देशको राष्ट्रिय राजनीति सही ढंगले अगाडि बढ्नै सक्दैन। नेपालको देशभक्त शक्तिले गत भदौ २३ र २४ को घटनाको अनन्त कालसम्म भत्सर्ना गर्नुपर्दछ। बर्तमान सरकारले खासगरी भदौ २४ को घटनाको छानविनगर्न अलग्गै समिति बनाउने भनेकोमा हालसम्म नबनाउनु अर्को शोचनीय बिषय भएको छ। यदि यो सरकार देशभक्त थियो र छभने भदौ २४ को घटनाको बिस्तृत छानविन गरेर त्यसलाई किनारा लगाएको हुनुपर्दछ। होइनभने त्यसदिन देशको राष्ट्रिय सम्पतिमा लागेको आगोले यो सरकारलाई पनि सधैं पोलिरहने छ। नेपालजस्तो गरिव मुलुकमा केवल सरकार परिवर्तन गराउनका लागि त्यस्तो बिध्वंशकारी कदम कुनैपनि नेपालीले चाल्नु हुने थिएन। गत भदौ २३ र २४ गते जेजस्ता घटनाहरु भएका थिए, त्यसलाई आधार बनाएर त्यतिबेला तत्काल संकटकालको घोषणा गरेर छानविन थालिनुपर्नेमा तत्कालीन प्रधानमन्त्रि केपी ओली पदबाट राजीनामा गरेर पछाडि हट्नु हुने थिएन। पछिल्ला बर्षहरुमा संसारमा यस्ता बिध्वंसात्मक गतिबिधिहरु भैरहेका छन्। तर कहींपनि सरकार परिवर्तन भएका छैनन्। त्यसैगरी उक्त बिध्वंशात्मक घटनालाई आधार बनाएर राष्ट्रपतिबाट चालु अवस्थामा रहेको संसदसँग सामान्य परामर्श पनि नगरी संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगर्ने र त्यसरी मनोनित प्रधानमन्त्रिको सिफारिसमा निर्वाचित संसद बिघटन गर्नुहुने थिएन। जसले नेपालमा गलत परंपराको थालनी भएको छ। सो परंपराले नेपालका सरकारहरुलाई अननत कालसम्म पिरोल्ने छ। हाल रास्वपाको झण्डै दुई तिहाईको सरकार रहेको छ। भोली फेरी गत भदौकोजस्तै घटना दोहोरियोभने यो सरकारको पनि बीचैमा अन्त्य हुनसक्ने अवस्था छ। जसरी भए पनि गत फागुन २१ मा निर्वाचन भएर नयाँ सरकार गठन भएको छ। उक्त निर्वाचनमा नेपाली कांग्रेस र एमालेलगायतका पुराना संसदवादी पार्टीहरुले संयमता अपनाएको कुरालाई पनि नजर अन्दाज गरिनु हुँदैन। उनीहरुले सो निर्वाचनबाट कम सिट ल्याए पनि उनीहरुको पार्टी संगठनमा खासै फरक परेको देखिएको छैन। त्यतिबेला नेपाली कांग्रेसका गगन थापालगायतका नेताहरुले रास्वपालाई अगाडि बढाउनकै लागि आफ्नो पार्टी बिभाजन गराएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। पछिल्ला कतिपय घटनाक्रमहरुले पनि उपरोक्त भनाईलाई पुष्टि गरेका छन्। तर सो घटनाले गगन थापाहरुलाई हालसम्म पिरोलिरहेको छ। अब यदि नेपाली कांग्रेस एक बनाउने होभने सो पार्टीका गगन थापा र बिश्वप्रकाश शर्माहरु किनारा लाग्नैपर्ने हुन्छ। गत भदौको घटनापछिदेखि नै मुख्यत एमाले र त्यसमा पनि सो पार्टीका अध्यक्ष केपी ओलीलाई किनारा लगाउन अनेक प्रयास हुँदैआएका थिए। बर्तमान सरकार गठन भएको केही घण्टामै एमालेका अध्यक्ष ओली र नेकांका नेता तथा पूर्व गृहमन्त्रि रमेश लेखकलाई हत्याको तथा कथित आरोपमा पक्राउ गरेर थुनामा राख्ने काम भएको थियो। जुन आरोप प्रमाणित हुने कुरा थिएन। त्यो केवल इबि साधनाका लागि गरिएकोभन्ने त्यतिबेला नै स्पष्ट थियो। त्यो बर्तमान सरकारको पहिलो गंभिर गल्ती थियो। त्यसपछि स्वबियू, कर्मचारी संगठनहरु र ट्रेड यूनियन खारेजगर्ने जुन निर्णय भयो, त्यो पनि बर्तमान सरकारको अर्को गंभिर गल्ती भएको छ। किनकी देशमा संविधानत बहुदलीय संसदीय ब्यवस्था रहेको छ। संसारभर बहुदलीय संसदीय ब्यवस्थामा जनबर्गिय र पेशागत संगठनहरु खोल्ने र सञ्चालन गर्ने/गराउने अधिकार हुन्छ। बिभिन्न बिद्यालय र बिश्वबिद्यालयहरुमा बिद्यार्थी र कर्मचारी संघसंगठन हटाएपनि पार्टीका संघसंगठन हटाउन सकिने अवस्था छैन। किनकी निर्दलिय पञ्चायती ब्यवस्था भएको समयमा पनि नेकां र एमालेलगायतका पार्टीका त्यस्ता संगठनहरु क्रियाशील रहेका थिए। तिनै संगठनका कारण ०३६, ०४६ र ०६३ का आन्दोलनहरु भएका हुन्। बर्तमान सरकारले बिद्यार्थी र कर्मचारी संगठनमा रोकलगाउने जुन कदम चालेको छ, त्यसले बिभिन्न, बिद्यालय, बिश्वबिद्यालय र कार्यालयहरुमा गुटबन्दी र अस्थिरताको सिर्जना गराउने छ। त्यसैले यो सरकारलाई सत्ताच्युत गराउने छ। सुकुम्बासीहरुलाई हटाउने जुन प्रयास भैरहेकोछ, त्यसमासमेत गंभिर प्रकृतिका गल्तीहरु देखिएका छन्। जो जहाँ बसेका थिए, तिन्लाई त्यहीं छानविन गरेर हटाउनुपर्नेमा पहिले हटाएर छानविनगर्ने नीति लिंदा राज्यले झण्डै १२ लाख नागरिकलाई अबका केही महिनासम्म खाने र बस्ने ब्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भएको छ। झण्डै दुईतिहाइ बहुमतको बर्तमान सरकारले आह्वान भैसकेको बजेट अधिवेशन रोकेर अध्यादेश ल्याउने जुन कार्य गर्‍यो, त्यो अर्को महागल्ती हुनपुगेको छ। सो कार्य हाल सरकारमा रहेकाहरुले आफ्नो आङ आफैले कन्याएर छारो उडाउने भनेजस्तै हो। जसलेगर्दा एकातिर आगामी बजेट अधिवेशन प्रभावित भएको छभने अर्कातिर संसदमा रहेका प्रतिपक्षी दलहरुलाई एकजुट हुन अवसर प्रदान गरेको छ। यो कार्य पनि बर्तमान सरकारमा रहेकाहरुका लागि आफ्नो खुट्टामा आफैले बञ्चरो हान्नु भनेजस्तो हो। काठमाडौं उपत्यकासहित देशका बिभिन्न स्थानमा रहेका सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको पहिचान र व्यवस्थापन नगरी डोजर चलाइएकोभन्दै विपक्षी दलहरुले संयुक्तरुपमा विरोध शुरुगरेका छन्। जसमा अब संसदमा नरहेका अन्य दलहरुपनि सहभागी हुने स्पष्ट संकेत देखिएको छ। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतकहरुले सरकारको यस कदमलाई जनविरोधी र त्रासपूर्ण भएको ठहरगर्नु कम सम्बेदनशील कुरा होइन। विपक्षी दलहरुले नागरिकको उचित लगत संकलन र वैकल्पिक आवासको सुनिश्चितता नगरी बस्ती हटाउने कार्य तत्काल रोक्न सरकारसँग माग पनि गरेका छन्। विपक्षी दलहरुद्वारा गरिएको संयुक्त निर्णयमा काठमाडौं र अन्य स्थानमा लामो समयदेखि बसोवासगर्दै आएका नागरिकहरुको छानबिननै नगरी बल प्रयोग गरिनु आपत्तिजनक रहेकोभन्ने ठहर रहेकाले अब बिस्थापितहरुसमेत बिपक्षीको आन्दोलनमा सामेल हुने अवस्था सिर्जना भएको छ। वैकल्पिक व्यवस्था नगरी बस्तीहरु भत्काउँदा सर्वसाधारण नागरिकमासमेत व्यापक असुरक्षा, भय र त्रासको स्थिति सिर्जना भएको छ। लगत संकलन र पहिचानको प्रक्रिया पूरानगरी डोजर चलाउनु मानवीय संवेदना र **बाँकी ७ पेजमा**

# बजेट अधिवेशनको टुंगो नहुँदै चेम्बरले सक्रियता बढायो

काठमाडौं। आगामी बजेट अधिवेशन कहिलेबाट हुने भन्ने टुंगो नलाग्दै नेपाल चेम्बर अफ कमर्सले सक्रियता बढाएको छ। सो संगठनले आगामी आब ०८३/८४ को बजेटका सन्दर्भमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेसमक्ष सुझाव समेत पेश गरिसकेको छ। चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको टोलीले मन्त्रालयमा पुगेर समग्र अर्थतन्त्रलाई गतिशील बनाउने खालका नीतिगत सुझाव प्रस्तुत गरेको हो। चेम्बरले बजेट निजी क्षेत्रमैत्री, उत्पादनमुखी र लगानी प्रोत्साहनगर्ने खालको हुनुपर्ने धारणाराख्दै आर्थिक स्थायित्व, सुशासन र व्यवसायमैत्री वातावरण निर्माणमा प्राथमिकता दिन आग्रह गरेको छ। चेम्बरले कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि, ऊर्जा, वैदेशिक लगानी, निर्यात प्रवर्द्धन तथा कर प्रणाली सुधारलगायत सबै क्षेत्र समेटेर आफ्नो धारणा प्रस्तुत गरेको थियो।

कृषि क्षेत्रमा आधुनिकीकरण, सहुलियत कर्जा र बजार पहुँच विस्तार, पर्यटन क्षेत्रमा पूर्वाधार विकास र अन्तरराष्ट्रिय प्रवर्द्धन, उद्योग क्षेत्रमा उत्पादन लागत घटाउने र प्रक्रियागत सहजता, सूचना प्रविधिमा कर छुट तथा डिजिटल पूर्वाधार विस्तार, ऊर्जा क्षेत्रमा निजी लगानी प्रवर्द्धन तथा जलबिद्युत विकासलाई तीव्रता दिनुपर्ने सुझाव चेम्बरले दिएको छ। त्यसैगरी कर प्रणाली सरल बनाउँदै एकद्वार प्रणाली लागूगर्न, निर्यातलाई प्रोत्साहनगर्न र मेड इन नेपाल उत्पादनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ। आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यान्त्रिकीरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीतिलिई कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरको सुझाव छ। अर्थ मन्त्रालयलाई चेम्बरले दिएको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा अनुदान दिने नीति अपनाइनुपर्ने र निर्यात अनुदानलाई एकद्वार प्रणालीअन्तर्गत निकासी कर्ताहरुलाई सरल र सहज ढंगले प्रदान गरिनुपर्ने उल्लेख छ। त्यसैगरी वैदेशिक रोजगारीबाट फर्किनेहरुको सीप दक्षता उपयोगका लागि स्वदेशी लगानी प्रोत्साहितगर्ने भनिएको छ।

यसका लागि वैदेशिक रोजगारीबाट फर्किनेहरुको सीप र दक्षता सहितको सम्पूर्ण विवरण अध्यागमन विभागमा अभिलेखीकरणको व्यवस्था गरिनुपर्ने जनाइएको छ। रेमिट्यान्सबापत नेपालमा भित्रिने रकमको अधिकांश हिस्सा उपभोगमा मात्र खर्च भइरहेको परिस्थितिमा नेपालमा भित्रिने रेमिट्यान्सलाई ऊर्जालगायत अन्य पूर्वाधार क्षेत्रमा लगानीगर्न प्रोत्साहनगर्ने नीति ल्याइनुपर्ने चेम्बरको सुझाव छ। त्यसैगरी घरेलु, साना तथा मझौला उद्योगहरुलाई स्थायित्व स्थायी ब्याजदरमा ऋण उपलब्ध हुने नीतिगत व्यवस्था हुनुपर्ने पनि चेम्बरको सुझावमा उल्लेख छ। सबै प्रकारको करमा तीन तहको सरकारबीच एकद्वार प्रणाली लागूगरिनुपर्ने भन्दै चेम्बरले दोहोरो करको मापदण्ड अन्त्य गरिनुपर्ने उल्लेख गरेको छ। विश्व व्यापार सङ्गठनबाट निर्धारित मूल्यांकनमा अनलाइन डाटाबेस प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने चेम्बरले जनाएको छ। देशमा अधिकांश उपभोग्य सामानका लागि आयातमानै निर्भर हुनुपरेकाले एमआरपी लेबलको व्यवस्था आयातित वस्तुहरुको हकमा लागू गर्न निकै कठीन रहेको उल्लेखगर्दै सरोकारवाला निकायसँग सर्वपक्षीय छलफल र सहमतिका आधारमा मात्रै एमआरपीलाई कार्यान्वयनमा लैजानुपर्ने चेम्बरले जनाएको छ। त्यसैगरी आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यन्त्रिकीकरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिई कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरले सुझाव पेशगरेको छ। सो अवसरमा अर्थमन्त्री वाग्लेले सरकारले आर्थिक सुधारका बिभिन्न कदम अघिबढाइसकेको उल्लेख गर्नुभएको थियो। उहाँले राजस्व अनुसन्धान विभाग खारेज गरिसकिएको, करका दर घटाउने योजना रहेकोभन्दै अब राजस्व बढ्न, रोजगारी सिर्जना हुन र अर्थतन्त्रको आकार विस्तार हुन आवश्यक रहेको बताउनुभउको थियो। मन्त्री डा वाग्लेले सरकारले उदार नीति अवलम्बनगर्दै सबैलाई कामगर्न सक्ने वातावरण तयारगर्ने दिशामा अघिबढिरहेको प्रशंग उल्लेखगर्दै आगामी बजेट व्यवसायी तथा आम नागरिकलाई हौसला मिल्ने खालको हुने उल्लेख गर्नुभएको थियो। त्यसैगरी नेपाल चेम्बर अफ कमर्सले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई भेटगरी समग्र उद्योग-व्यवसाय क्षेत्र सुधारका लागि विस्तृत सुझाव प्रस्तुत गरेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतको उपस्थिति रहेको उक्त भेटकाक्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री यादवलाई बधाई तथा सफल कार्यकालको शुभकामनादिँदै वर्तमान चुनौतीपूर्ण अवस्थामा निजी क्षेत्रसँग सहकार्यगर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यवसायीको सुरक्षा सुनिश्चितगर्न आग्रह गरेको हो। त्यसक्रममा मन्त्री यादवले नेपाल चेम्बर अफ कमर्सले मुख्यरुपमा उठाएको एमआरपीको समस्यालगायत प्रस्तुत सुझावउपर छलफल गरी निजी क्षेत्रका लागि सकारात्मक वातावरण तयार पार्ने दिशामा सरकार अघि बढ्ने बताउनुभएको थियो। भेटकाक्रममा चेम्बर टोलीले विशेषगरी भन्सार विन्दुमा आयात हुने वस्तुहरुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्यगर्ने व्यवस्था व्यवहारतः जटिल र प्रक्रियागत कठीनाइ रहेको उल्लेखगर्दै त्यसको कार्यान्वयनमा पुनर्विचारगर्न सरकारलाई सुझाव दिएको छ। सानो परिमाणमा हुने आयातका कारण विदेशी निर्यातकर्ताले एमआरपी वा लेबल व्यवस्थापनगर्न नचाहने, अन्तरराष्ट्रिय बजारमा वस्तुको मूल्य निरन्तर परिवर्तन भइरहने, दैनिकरुपमा विनिमय दरमा उतारचढाव आउने तथा हार्मोनाइज्ड कोडको सुनिश्चितता नभएका कारण भन्सार एवं अन्तःशुल्क दरबन्दीमा फरक परिरहने साथै भन्सार परिसरमा पूर्वाधारको अभावले त्यस्ता स्टिकर, लेबल राख्न सम्भव नहुने चेम्बरले जनाएको छ। चेम्बरले एमआरपीसम्बन्धी नीति बनाउँदा अन्तरराष्ट्रिय **बाँकी ७ पेजमा**

# नेपालमा सुकुम्बासी समस्या दिनप्रतिदिन बढ्दो, समाधान कमजोर

**यो साताको बिशेष**

काठमाडौं । बर्तमान सरकारले एकातिर सुकुम्बासी समस्या समाधान गर्नेभन्दै बिभिन्न प्रयास थालेको छभने एकातिर बिकराल बन्दैगएको देखिएको छ। संसदका प्रतिपक्षी दल र कम्युनिष्ट पार्टीहरुले सुकुम्बासी समस्यालाई थप चकाउन खोजेको देखिन्छ। नेपालको जनक्रान्तिले पूर्णता नपाएको र सामन्ती अर्थव्यवस्था ठोस सरचनात्मक परिबर्तन आउन नसकेको कारण हाम्रो देश र त्यसमा पनि कृषि र किसान लामो समयदेखि पीछडिएको अबस्थामा रहन बाध्य छ । नेपालमा सुकुम्बासीको समस्या उत्पन्न हुनु र निरन्तर कायम रहिरहनुको पछाडि बिबिध कारण भएपनि मूल कारण चाँही यही हो । यस वास्तबिकतामा राम्रोसँग नघोत्लिई र निराकरणको सही उपाय नखोजी टुक्रे र टालटुले उपाय अबलम्बन गरेर यो समस्याको सही र दीर्घकालीन समाधान हुनसक्ने स्थिति फेरि पनि बन्दैन । सुकुम्बासी आयोग बन्ने, जग्गाको पूर्जा बितरणगर्ने तर समस्या हल हुनुको साटो त्यो काचै पल्टिने र त्यसमा अनेक अबाञ्छित आर्थिक चलखेल र बिकृति बढ्ने अहिलेसम्मका यथार्थ अनुभवले प्रष्टपारेको छ । नेपालमा केन्द्रिय तथ्यांक बिभागले १३ करोड खर्च गरेर १२ बर्ष अघि अर्थात् ०७० पौष नौगते गराएको कृषि गणनापछि सार्वजनिक गरेको आधिकारिक तथ्यांकअनुसार अहिले पनि देशका ८३ प्रतिशत किसानहरुको मूख्य आयश्रोत कृषि नै हो भन्ने प्रष्टसँग औंल्याएको थियो । त्यो कृषि गणनाअनुसार आफ्नै खाद्यान्न उत्पादनले १० देखि १२ महिनासम्म अपुग हुने परिवारको संख्या १५ प्रतिशत जति रहेको छ। सातदेखि नौमहिनासम्म अपुग हुने किसानको संख्या २३ प्रतिशत, चार महिनादेखि छमहिनासम्म अपुग हुने किसानहरु ४४ प्रतिशत अर्थात सबैभन्दा धेरै र एकदेखि तीन महिनासम्म अपुग हुने किसान परिवार १८ प्रतिशत रहेको देखाएको छ । यो स्थिति मूलतः जमिनको असमान बितरण र उत्पादनमा हुने असमानताबाट उत्पन्न भएको हो । जसलेगर्दा कृषिमामात्र भरपरेर खानालगायत दैनिक जीवनका आवश्यकता परिपूर्ति हुन सक्तैन । त्यसलेगर्दा जीवन गुजरागर्न किसानले गाउँ छोडेर गुजरागर्ने अन्य उपायका लागि रोजगारीको खोजीमा शहर बजार सदरमुकम, राजधानी या बिदेशसम्म जानुपर्ने स्थिति बिद्यमान छ । जमिन बितरणको असमानताका अतिरिक्त देशका कृषि बिज्ञहरुकाअनुसार उन्नत प्रबिधिको अभाव, पर्याप्त जमिनको कमी र सिञ्चाईको अभावका कारण उत्पादनको कमीलेसमेत किसान परिवारले असन्तुलित आहाराको भर पर्नुपर्ने हुन्छ । यसले किसानको स्वास्थ्यमा पनि प्रतिकूल असरपर्ने कुरा निश्चित छ। देशमा झण्डै ७५ प्रतिशत किसान परिवारसँग एक हेक्टरभन्दा पनि कम जमिन रहेको छ। पाँच,सात सदस्य रहेका किसान परिवारसँग पर्याप्त जमिन, सिचाई, उन्नत मल बिऊ तथा उन्नत प्रबिधिको अभावका कारणले यस्तो स्थिति सिर्जना भएको बिज्ञहरुको निचोड छ । अझ थप तथ्यांक बिभागले यसमा सडकको पहुँच, सानोतिनो भए पनि औद्योगिक क्षेत्रको विकास, बढ्दैगएको शहरीकरण आदिका कारणले कृषि कार्य गरिने जमिनभने घट्दै गएकोसमेत औंल्याएका छ । तर खेतीयोग्य जमिनलाई बिचौलियाहरुले घडेरीमा परिणतगरी रियलस्टेट ब्यपारचलाएको र उत्पादन घटेको कुराभने तथ्यांक बिभागले नदेखेको होकि आँखा चिम्लिएको ? सन्देह नै छ। उत्पादनमा लाग्नुपर्ने जमिन बिबिध कारणले यसरी घटेपनि त्यसको ठीक बिपरीत किसान परिवारको संख्या भने बढ्दैगएको छ । तथ्यांकअनुसार कृषि गणना गरिएको बर्ष अघिको १० बर्षको तुलनमा किसान परिवार संख्या चारलाख ६७ हजारबाट बढेर त्यो बर्ष ३८ लाख




३१ हजार पुगेको तथ्यांक बिभागले उल्लेख गरेको थियो। अझ त्यो संख्यामध्ये पनि एकलाख १६ हजार किसान परिवारभने अन्न उत्पादनमा नलागी केवल पशुपालनमा मात्र सीमित रहेको पनि दर्शाइएको छ । किसान परिबार बढ्ने, जमिनको असमान बितरण हुने, उब्जाउ जमिन घडेरी(आवास क्षेत्र)मा परिणतगर्ने र ठूलो संख्यामा भूमिहीनहरुको जनसंख्या बढ्दैजाने, अनि अनुदानमा प्राप्त भए/गरिएका उद्योगधन्धाहरु निजीकरणको नाममा कौडीको मोलमा बेचेर स्वाहा पारेपछि बेरोजगार सुकुम्बासी बढ्ने कुरा भइहाल्यो । तीमध्ये सबै बैदेखिशक रोजगारीगरमा जानसक्ने स्थितिका पनि हुँदैनन् । यसरी सुकुम्बासी र अब्यस्थित बसोबासी निरन्तर बढ्ने/बढाउने परिस्थिति बनेपछि सकुम्बासीको समस्याको स्थाई र भरपर्दो समाधान कसरी होला र ? वास्तवमा आज नेपालले योजनाबद्ध विकासको ६५ बर्ष पार गरिसक्दा पनि किसान र कृषिको यस्तो दारुण अबस्था रहनुमा कोको जिम्मेवार छन् ? त्यो केलाउनै पर्ने बिषय बनेको छ। यस स्थितिप्रति कसैले पनि दायित्वबोध नगर्ने र बेवारिसे छाड्ने हो भने यो मुलुकको पीछडिएको कृषि क्षेत्रमात्रै होइन कुनै क्षेत्र पनि सही किसिमले अघि बढ्न नसक्ने कुरा एकदमै प्रष्ट छ। त्यसैले यो स्थितिको सही र दीगो बैज्ञानिक समाधानका लागि बैज्ञानिक भूमिसुधार, राष्ट्रिय राष्ट्रिय औद्योगिकरण तथा मूलतः आन्तरिक खपतका लागि आम बिद्युतीकरणको एकीकृत प्याकेजकार्यान्वयनको ठोस योजना आजको ज्वलन्त राष्ट्रिय आवश्यकता हो । यसोगर्न सके सुकुम्बासी समस्याको पनि सही समाधन हुनसक्ने स्थिति बन्दछ। शहरी सौन्दर्यकरणको नाममा अस्थाईरुपमा सुकुम्बासीलाई कोहो को ? होइन ? भन्ने आवश्यक छानबिननै नगरी उनीहरु बसेका टहरा भत्काएर बिचल्ली र बिल्लिबाठ पारेर छानबिनगर्ने कुरा अमानवीय र दमनकारी कुरा सधैं हुने गरेको छ । त्यो सुशासन र औचित्यपूर्ण कुरा कदापि होइन, हुन सक्तैन । त्यसमा पनि गैरसुकुम्बासीलाई प्रोत्साहन दिने, घुसाउने, अब्यस्थित बसोबासी बनाउने सत्ताधारीहरुको अबाञ्छित राजनीतिक हस्तक्षेपको चलखेलले सुकुम्बासी समस्या हलगर्नेभन्दा पनि त्यो समस्यालाई भोट बैंक कार्डकोरुपमा प्रयोग गरेर समस्यालाई समाधानहीन राख्ने र झन जटील तुल्याउने प्रपञ्चमात्र भइरहेको छ ।

**राजमार्ग ठप्पपार्ने घोषणा :** नेपाली कम्युनिष्ट पार्टी सम्बद्ध अखिल नेपाल सुकुम्बासी संघका इन्चार्ज नहेन्द्र खड्काले देशभरका ७० लाख सुकुम्बासी सरकारको गलत रबैयाले घरबारविहिन हुने अवस्था सिर्जना भएको बताउनु भएको छ । काठमाडौंको संवाद डबलीमा गत साता बिहीबार संघले बालेन सरकार विरुद्ध संघर्षको कार्यतालिका सर्वजनिक गरेको थियो। राष्ट्रिय भूमि आयोगका पूर्वउपाध्यक्षसमेत रहनुभएका खड्काले सेनाको कार्य क्षेत्रबाहिर गएर सुकुम्बासी हटाउन प्रायोग भएकोप्रति पनि आक्रोश व्यक्त गर्नुभएको थियो। उहाँले सुकुम्बासीको पक्ष र सरकारविरुद्ध जनचेतनादेखि महेन्द्र राजमार्ग ठप्पपार्नेसम्मका संघर्षका कार्यतालिका सर्वजनिक गर्नुभएको थियो । नेपाली कम्युनिष्ट पार्टीका नेतासमेत रहनुभएका खड्काले सरकारले संविधान विपरित कार्यमात्रै नगरेर अमानवीय हर्कत गरेको दाबि गर्नुभएको थियो। खड्काले देशमा ७० लाख सुकुम्बासी तथा भूमिहीन रहेको र ती सबै विद्रोहमा उत्रिन तयार रहेको बताउँदै काडमाडौं उपत्यकामा सेना लगाएर डोजर त लगाए उपत्यका बाहिर लाखौं सुकुम्बासीले महेन्द्र राजमार्गलाई नै ठप्प पारे कसको के चल्छ ? भन्ने प्रश्न पनि गर्नुभएको थियो । अखिल नेपाल सुकुम्बासी संघको वरिष्ठ उपाध्यक्ष टिकाराम गुरुङले सुकुम्बासी बस्तिमा डोजर चलाएर राज्य आतंक चालएकोभन्दै त्यको प्रतिवादगर्ने चेतावनी दिनुभएको थियो ।

**संघर्षको कार्यतालिका:**

बैशाख २० गतेसम्म (पहिलो चरण)

१. नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपाललाई संघर्षको कार्यक्रम र कार्यतालिकाबारे जानकारी गराई पार्टीका सबै प्रदेश, जिल्ला र जनवर्गीय संगठनहरुमार्फत् यसको कार्यान्वयनका लागि अनुरोधगर्ने ।

२. नेपाली कम्युनिष्ट पार्टीका सबै केन्द्रीय सदस्यहरु प्रदेश, जिल्ला र स्थानीय तहका नेताहरुकासाथै विगतका राष्ट्रिय भूमि आयोग र सुकुम्बासी आयोगमा पार्टीकातर्फबाट नियुक्तिमा गएका सबै नेताहरुलाई संघकातर्फबाट भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या, संघर्षको कार्यक्रम र कार्यतालिका बारे जानकारी गराई आवश्यक पहलकदमी र सहयोगगर्न, र सबैलाई सामाजिक सञ्जाल र सञ्चार माध्यममा भूमि समस्या, त्यसको समाधान र संवैधानिक तथा कानूनी व्यवस्थाबारे पार्टी नीतिमा आधारितभई भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको अधिकारको पक्षमा, जबरजस्ती उठिबास र डोजर आतंकको विरुद्धमा आफ्ना धारणा सार्वजनिकगर्न अनुरोध गर्ने ।

३. प्रतिनिधिसभा तथा प्रदेशसभाका सबै प्रत्यक्ष र समानुपातिकतर्फ निर्वाचित सबै सदस्यहरु, नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरुलाई फोन, मोबाइल र एसएमएसमार्फत शिष्ट र विनम्र भाषामा निर्वाचनपूर्व आफूले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई गरेका वाचा स्मरणगर्न र तत्काल आफू सम्बद्ध पार्टी समिति र संसदीय दलहरुमार्फत् सरकार र पार्टीलाई नागरिकको संवैधानिक तथा मानव अधिकारको उल्लंघन, जबरजस्ती उठिबास रोक्ने, भूमिहीन दलित, सुकुम्बासी र अव्वयस्थित बसोबासीको अधिकारको पक्षमा बोल्न टेलिफोन, मोबाइल, इमेल र एसएमएस मार्फत शिष्ट र सभ्य भाषामा अनुरोध गर्ने ।

बैशाख २० देखि ३० गतेसम्म ( दोश्रोचरण)

१. सबै जिल्लामा जिल्ला, पालिका र बस्तीमा (संभव भए वडामा समेत) बैठक र भेला आयोजनागरी नेपाली कम्युनिष्ट पार्टीमा आबद्ध र सहभागी हुनचाहने सबै भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई समेटेर अखिल नेपाल सुकुम्बासी संघका तत्तत् तहका समिति वा संघर्ष समितिहरु गठन गर्ने ।

२. नेपाली कम्युनिष्ट पार्टी निकट किसान, मजदुर, सुकुम्बासी, दलित, युवा, बिद्यार्थी, महिला, पत्रकार, जेनजी रेडफोर्ससहित सबै जनवर्गीय संगठनहरुको केन्द्र, प्रदेश, जिल्ला र स्थानीयस्तरमा समन्वयगरी साथ, सहयोग, सहकार्य र ऐक्यबद्धताका लागि पहलगर्ने ।

३. प्रत्येक स्थानीय तह र वडा कार्यालय, भूमि समस्या समाधान आयोग, त्यसका जिल्ला समितिहरु, जिल्लास्थित समन्वय, प्रशासन, नापी, भूमि, डिभिजन वनलगायतका कार्यालयहरुमा उठिबास रोक्न र यथाशीघ्र लालपुर्जा प्रदानगर्न मागगर्दै ज्ञापन पत्र दिने ।

४. काठमाडौं लगायतका ठूला शहरहरुमा शुरुगरिएको र देशभर फैलाउन खोजिएको जबरजस्ती उठिबासको विरोध र यसलाई अबिलम्ब रोक्न मागगर्दै सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला कार्यालयहरुमा शान्तिपूर्ण तरिकाले विरोध पत्रहरु दर्तागरी सार्वजनिक गर्ने ।

५. सबै संघीय संसदको राष्ट्रिय सभाका सदस्यहरु, प्रतिनिधि सभा र प्रदेश सभाका प्रत्यक्ष र समानुपातिकतर्फ निर्वाचित सबै सदस्यहरुलाई आफू निर्वाचितहुँदा जनतासामु गरेका वाचाहरु स्मरण गराउँदै नागरिकको संवैधानिक तथा मानव अधिकारको उल्लंघन, जसबरजस्ती उठिबास रोक्ने, भूमिहीन दलित, सुकुम्बासी र अव्वयस्थित बसोबासीको अधिकार सुनिश्चितगरी लालपुर्जा प्रदानगर्न अनुरोध सहित ज्ञापन पत्र दिई सार्वजनिक गर्ने।

६. भूमि समस्या एवं भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको अधिकारका लागि देशव्यापी अन्तरक्रिया, धर्ना, जुलुश र प्रदर्शनहरु गर्ने।

बैशाख ३१ गते (तेश्रो चरण)

१. राष्ट्रिय स्वतन्त्र पार्टीले अभ्यासगर्ने भनिएको राइट टु रिकल मार्फत प्रधानमन्त्री बालेन्द्र शाहलाई संसदीय दलको नेताबाट परिवर्तनगरी प्रधानमन्त्रीबाट हटाउन अनुरोधसहित काठमाडौंमा पत्रकार सम्मेलन गर्ने ।

२. बैशाख ३१ गते जुलुशसहित मेची-महाकाली राजमार्ग चक्काजाम गर्ने ।

जेठ १ गतेबाट (चौथो चरण):

१. जेठ १ गतेबाट ७ गतेसम्म जनताको हितमा काम नगर्ने राष्ट्रिय स्वतन्त्र पार्टीका जनप्रतिनिधलाई फिर्ता बोलाउन आह्वानगर्दै देशव्यापीरुपमा प्रधानमन्त्री बालेन्द्र शाह र जिल्लामा आआफ्नो निर्वाचन क्षेत्रका सांसदहरुलाई फिर्तागर्न आह्वानगर्दै राइट टु रिकलका लागि देशव्यापी हस्ताक्षर संकलन अभियान सञ्चालनगर्ने ।

२. जेठ ७ गतेबाट मेची-महाकाली राजमार्ग र सुकुम्बासी केन्द्रित क्षेत्र केन्द्रित संघर्षसहित सबै संघ-संस्था, राजनीतिक दल, जनवर्गीय संगठनहरु र आम जनसमुदायको सहयोग एवं देशभरका वास्तविक भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको प्रत्यक्ष र व्यापक सहभागितामा देशव्यापी अनिश्चितकालीन आम हड्ताल गर्ने ।


**डोजर रोकिएन :** बाँकी रहेका सुकुम्बासी बस्तीमा गत शुक्रबारबाट फेरी डोजर चलेको छ। शहरी विकास मन्त्रालयले गत शुक्रबारदेखि दोश्रो चरणअन्तर्गत काठमाडौं उपत्यकाका बागमती तथा सहायक नदी किनारमा रहेका जोखिमयुक्त बस्ती स्थानान्तरणगर्ने भनेको थियो । पहिलो चरणमा सिनामंगलको गैरीगाउँ, शान्तिनगर, मनोहरा र थापाथली क्षेत्रका बस्तीहरु स्थानान्तरण गरिसकिएको छभने अब दोश्रोचरणको काम अघिबढाइने शहरी विकासमन्त्री सुनिल लम्सालको सचिवालयले जनाएको छ। यस प्रक्रियालाई व्यवस्थित बनाउन मन्त्रालयमा हिजो बिभिन्न सरकारी निकायको संयुक्त बैठक बसेको थियो। सो बैठकले आवश्यक तयारी पूरागरेको छ। सचिवालयकाअनुसार स्थान्तरणलाई सहज बनाउन जोखिमयुक्त क्षेत्रमा बसोबासगर्ने नागरिकलाई बसमार्फत प्राथमिक दर्ता केन्द्रका रुपमा दशरथ रंगशाला पुऱ्याइनेछ। रङ्गशालामा तीन वटा सहायता कक्ष सञ्चालन गरिनेछन्। पहिलो कक्षमा सूचना तथा तथ्यांक संकलन, दोश्रोमा सुकुम्बासी पहिचानका लागि स्वघोषणा फारम भर्ने तथा आवश्यक सामाजिक विवरण संकलन र तेश्रो कक्षमा गृह मन्त्रालयको टोलीद्वारा डिजिटल तथ्यांक संकलन गरिनेछ। त्यसैगरी, होल्डिङ सेन्टरमा लैजान नसकिने सरसामानजस्तै दराज, टेबुल, खाटको भण्डारण तथा सुरक्षाका लागि सुरक्षा निकायको सहयोग रहनेछ। आश्रयस्थल नभएका वा स्वयं व्यवस्थापनगर्न नसक्ने परिवारलाई होल्डिङ सेन्टरसम्म पुऱ्याउन पनि बसको व्यवस्था गरिएको छ। मन्त्रालयले तत्काल स्वास्थ्य सेवा, मानवीय सहायता तथा मनोपरामर्श सेवाको व्यवस्थासमेत गरेको छ। यी सेवा प्राथमिक दर्ता केन्द्र र होल्डिङ सेन्टर दुवै स्थानमा उपलब्ध हुनेछन्। संकलित विवरणका आधारमा सुकुम्बासीको पहिचान तथा



प्रमाणीकरण गरिनेछ। पहिचान हुन नसकेका व्यक्तिहरुलाई भने होल्डिङ सेन्टरबाट फिर्ता पठाइनेछ। पहिचान भएका परिवारलाई निश्चित अवधिसम्म आवश्यक सहयोग प्रदानगरिने र पुनःस्थापनाका लागि थपप्रक्रिया अघिबढाइने भनिएको छ। यसरी यो समस्या हलगर्न समग्र कृषि प्रणालीकै पुनर्संरचना गर्नुपर्ने राष्ट्रिय आबश्यकता छ। ०४६ साल पछिको बडाल आयोग र ०६३ साल पछिको गजुरेल आयोय समेतले कृषि र **बाँकी ८ पेजमा**

# आजका सन्दर्भमा कम्युनिष्ट एकताका कुरा र चाल्नुपर्ने कदमहरु

नारायण शर्मा



नेपालमा हालको समसामयिक अवस्थामा कम्युनिष्ट पार्टी र शक्तिहरुका बीचमा एकताको आवश्यकता पनि त्यतिकै छभने बहस पनि सोहीस्तरमा चलिरहेको छ। त्यसैले यो आलेखमा नेपालमा कम्युनिष्ट एकताका सन्दर्भमा चाल्नुवपर्ने कदमबारे संश्लेषण गर्ने प्रयास गरिएको छ। नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा(माओवादी) को गतसाता भएको बैठकमा पनि एकताका सन्दर्भमा बिभिन्न सन्दर्भहरु उठेका थिए। सो पार्टीले नेपालको कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारीकरण र एकताबद्धगर्नका निम्ति राजनीतिक शक्तिहरुलाई यसको निम्ति अपिलगर्ने निर्णय गरेको कुरा बाहिर समाचारमा आएको छ। कम्युनिष्ट आन्दोलनको आजको संवेदनशील र गम्भीर अवस्थामा यस्तो निर्णयगर्नु सकारात्मक नै हो। अहिले नेपाली कम्युनिष्ट आन्दोलनको एउटा धारा आत्मगतरुपमा दक्षिणपन्थी अवसरवादको फेरो समातेर संसदवादी भासमा भासिंदै राष्ट्रिय र वर्गीय आत्मसमर्पणसम्म पुगी विसर्जनको डिलमा उभिएको छ। यसरीनै अर्को क्रान्तिकारी भनिएको धारा पनि व्यक्तिवादी महत्वाक्यांक्षा, आत्मसुरक्षा र क्रान्तिकारी लफ्फाजीका कारण गुटवाद र फुटवादको अन्तहीन श्रृङ्खलामा फसेर अस्तित्व रक्षाको संकटमा छ। वस्तुगतरुपले भने यी दुवै धाराहरु शक्तिकेन्द्रहरुका भूराजनीतिक र गैरभौगोलिक हथकण्डाहरुका चपेटामा परेरकि आत्मसमर्पणगर्न पुगेका छन्कि तभने किंकर्तव्य विमूढ भएर खिइँदै जान बाध्यभएका छन्। साम्राज्यवादीहरुले डलर-युरोलगायतका आर्थिक अनि जातीय/नस्लीय, धार्मिक, शैक्षिक, सांस्कृतिक आदिजस्ता क्रान्तिकारी वर्ग र विचारविरोधी हतियारलाई आफ्ना उन्नत विज्ञान-प्रविधी, सूचना-संचार, डाटा-नेट, सामाजिक संजाल र मिडिया-मनोरञ्जन आदि माध्यममार्फत नेपाल र नेपालीमाथी प्रयोग गरेर सिंगो नेपाललाई नवउदारवादी अर्थराजनीतिक प्रभाव र दवावमा पारेका छन्। यस्लेगर्दा ठूला-बडादेखि सानातिना भनिएका कम्युनिष्ट पार्टी र नेताहरुसँगै कम्युनिष्ट आन्दोलननै मतिहीन, दृष्टिहीन, शक्तिहीन, गतिहीन र गन्तव्यहीनजस्तै बनाइएका छन्। यो गम्भीरतम र जटिलतम अवस्थामा नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारीकरण, शुद्धीकरण, सर्वहाराकरण गरेर पुनर्संस्कार नै गर्नु प्रथम आवश्यकता र अहं महत्वको विषय अवश्य हो। यस विषयमा छुट्टै चर्चा गरौंला।

कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी करणगर्नुका अतिरिक्त त्यसप्रकारका राजनीतिक शक्ति हरुलाई एकताबद्धगर्नका निम्ति अपिल गर्नेझ निर्णय पनि गरिएकोले अहिले यस विषयमा मात्र छोंटो चर्चा वान्छनीय भएको छ। विघटित र विसर्जित बन्दै गरेको नेपाली कम्युनिष्ट आन्दोलनको यो गम्भीर र संवेदनशील अवस्थाप्रती यसप्रकारको चिन्ता र चासो एउटा जिम्मेवार नेता र पार्टीमा देखिनुको अर्थ, औचित्य र महत्व पनि आफैमा स्वत:स्पष्ट छ। माथिनै भनिसकियोकि नेपालको कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी भनिएको धारा टुटफुट भएर अस्तित्व रक्षाको लडाइँमा छ। त्यसैले स्पष्ट छकि समस्यालाई मोटो रुपमा पहिचानगर्न त बैठकले सकेको छ तर अब हेरौं समस्या समाधानको दिशामा के निर्णय गरेको छ र पार्टीले के कस्तो पहल अघि बढाउँछ? यसबारे समाचारमा त केही जनाइएको छैन, छभने माथी भनिएझैं अपिलगर्ने निर्णय झ गरिएको मात्र भनिएको छ। यति ठूलो, गम्भीर, जटिल र बहुआयामिक समस्याको हल खाली अपिल गरिदिंदैमा त हुँदैन होला ? यसको हेक्का त उहाँहरुमा हुनैपर्ने हो, होइनभने त यो अवस्थामा यसप्रकारको निर्णयको तात्पर्य खाली लोकपृयताको निम्ति गरिएकोभन्दा बढी महत्वको हुँदैन। हामीलाई लागेको कुरा के हो भने चन्दजी स्वयं जनयुद्धको नेतृत्व गरेर आएको युवावस्था पार गरेको एक शीर्षपंक्तिकै नेता भएर पनि युवासुलभ केही उल्लेखनीय सकारात्मक गुणहरु भएको एक सिर्जनशील, साहसी, सक्षम र गतिशील नेता हुनुहुन्छ। अनि यस्तो भएर पनि जुनसुकै कारणले होस् आजसम्म संसदीय भासमा नभासिएकै नेता हुनुहुन्छ। यद्यपि त्यसै दिशामा उन्मुखहुँदा पार्टी फुटको सिकार पनि बन्नपरेको र चुनाव उपयोगगर्दा जो बचेको शक्ति, भक्ती र छवि पनि बालेन-रविले खाइदिएकोले अब त्यो बाटोबाट हुन्न भन्नेमा सचेत र सुस्पष्ट नै हुनुहोला भन्ने लागेको छ।

हुन त आफ्नो क्रान्तिकारी विचारभन्दा भावनालाई बढी प्राथमिकता दिनाले यो पंक्तिकारले नै फुटेर हुन्न हैझ भन्दाभन्दै किरणजी (हामी) हरुबाट फुटेर भूमिगत भएपछि केही समय आफ्नो विचार प्रयोगगर्नु भयो, तर परिस्थिति अनुकूल हुन-गराउन नसक्दा अनि उहाँ र पार्टीकै कतिपय मनोगत, नीतिगत र कृतिगत कमजोरीका कारण खुलाभएर पुनर्मुसिको भव:झ भनेझैंगरी फेरि शान्तिपूर्ण बाटोमा अर्थात् संसदवादी चुनावी बाटोमा आउनुभएको ईतिहास त छ तर पनि अहिलेको चुनावमा चित खाएपछि केही चेत्बुद्धी पलाएर क्रान्तिकारी आन्दोलनको क्रान्तिकारीकरण र एकताबद्धगर्ने यो निर्णय गरिएको हुनुपर्छ। वाम र दक्षिण दुवै हण्डर ठक्करजन्य अनुभवबाट उहाँहरुमा अहिले सही क्रान्तिकारी दिशाबोध भएको भान हुन्छ र अरुहरुले भनेझैं उहाँहरुमा क्रान्तिकारी स्पिरिट मरिहालेको भन्ने लाग्दैन। त्यसैले उहाँहरुले गर्नुभएको कम्युनिष्ट आन्दोलनको क्रान्तिकारीकरण र एकताबद्ध गर्नेझ निर्णय एक गम्भीर प्रयास नै होला भन्ने विश्वासका आधारमा यहाँ केही अनुभवजन्य सुझावहरु शेयरगर्न खोजिएको छ। स्मरणीय छ, नेपाली कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारीकरण गर्ने र एकताबद्धगर्ने आवश्यकता देखेरनै हामीले विगत आधादर्जन बर्षदेखी लगातार प्रयासगर्दै आएका छौं। यसक्रममा क्रान्तिकारी र देशभक्त लागेका र इच्छुक एक दर्जन बढी शक्ति, समूह, संघसंस्था, अभियान, आन्दोलन, मञ्च, मोर्चा र व्यक्ती-व्यक्तित्वहरुलाई एउटै थलोमा ल्याएर विषयसूची नै बनाई क्रमिकरुपले छलफलगर्दै टुंगिएका विषयहरुलाई दस्तावेजीकरणगर्ने पनि गऱ्यौं। हामीले एकपटकमात्र होइन पटकपटक, व्यक्तिगतरुपमा मात्र पनि होइन सामूहिक रुपमा समेत विभिन्न स्वतन्त्र वा प्रतिबद्ध स्थापित नेताहरु स्वयं विप्लव समक्ष पुगेर एकताको पहल लिन र नेतृत्व पनिगर्न अनुरोधगर्ने समेत गऱ्यौं। यसरी टुटेर, फुटेर वा छुटेर/छरिएर रहेका सबै क्रान्तिकारीहरुलाई समेटेर पार्टी र आन्दोलनको एकीकरण, ध्रुवीकरण र गठबन्धन अर्थात् क्रान्तिकारी पुनर्गठन गर्ने हदैसम्मको प्रयासको परिणामस्वरुप बल्लतल्ल शुरुमा संयुक्त क्रान्तिकारी मोर्चा र पछि राष्ट्रिय क्रान्तिकारी मोर्चालाई एउटा दीर्घकालीन मोर्चाको भ्रुणको रुपमा गठन र परिचालन गरिएको छ। यसरीनै तात्कालिक आवश्यकता अनुसार हाम्रो प्रयासमा २० दलीय सम्मका ठूलासाना साम्राज्यवाद विरोधी अल्पकालीन मोर्चाको निर्माण र परिचालन पनि भएका हुन्। यहाँहरुले पार्टी एकतासमेत गर्ने उद्देश्यले गर्नुभएका क्रान्तिकारी हरुसँगको सहकार्य ( मोहन बैद्यजीहरु सहितको चार दलीय रणनीतिक मोर्चा ) र अवसरवादीहरुसँगको सहकार्य ( प्रचण्डहरु सहितको पाँचदलीय समाजवादी मोर्चा) अनि सुशील हरुसँगको पार्टी एकता पनि के कति सफल-असफल भए स्पष्ट नै छ। यसरी नै एमसीसी र खुकुलो नागरिकतालगायतका विषयहरुमा एमसीसी खारेज अभियान र किरणजीहरुसहितका विभिन्न बेलाका विभिन्न दलहरुका थोरै-धेरै संख्याका तात्कालिक र अस्थायी दलीय संयुक्त मोर्चाहुँदै बैद्यहरु र धर्मेन्द्रहरुसँगको पार्टी एकताजस्ता अन्य हाम्रा मोर्चागत र पार्टीगत एकताहरु पनि आआफ्ना प्रारम्भिक विधि, प्रक्रिया र कार्यभार पूरा नगर्दै समाप्त हुने स्थितिमा पुगेको हामी सबैले देख्दै-भोग्दै आएका छौं। यो तीतो अनुभवले के देखाएको छभने तुलनात्मक रुपले एकतागर्न त सजिलो छ तर एकता बचाउन ज्यादैनै गाह्रो छ। त्यसैले हाल उठाइएको पार्टी एकताको विषयलाई निकै उच्च प्राथमिकता दिएरगर्दा मात्र सफल हुने देखिन्छ। यस सन्दर्भमा क्रान्तिकारीकरण गरेर एकतागर्ने कि एकता गरेर क्रान्तिकारीकरणगर्ने भन्ने प्रश्न उठ्छ। यहाँहरुले क्रान्तिकारी करणलाई प्राथमिकता दिएझैं लाग्छ। सैद्धान्तिक रुपले त्यो सुनमा सुगन्ध नै हुन्थ्यो तर आफ्नै पार्टीलाई क्रान्तिकारीकरण गर्न गाह्रोभैरहेको यो बेलामा अरुहरुका पार्टीहरुलाई क्रान्तिकारीकरण गरेर एकताबद्धगर्ने कुरा असम्भवजस्तै छ। त्यसैले पहिले आफू र आफ्नो पार्टीलाई क्रान्तिकारीकरण गरेपछी एकताको प्रक्रियानमा ल्याएर अरुहरुलाई पनि क्रान्तिकारी बनाउनेगर्नु राम्रो हुन्छ, यद्यपि यो पनि सजिलैसँग हुन्छ भनेको होइन, पापड त धेरै नै पेल्नुपर्छ। अर्को महत्वपूर्ण र स्मरणीय कुरा के छ भने विप्लवजीहरुले यसप्रकारको एकताको निम्ति केही ठोस निर्णय नगरेको भए गर्नुपर्छ र पहल लिनुपर्छ। त्यसक्रममा निम्न कामकुराहरु गरिनुपर्छ भन्ने लाग्दछ : प्रथम, उहाँहरुले पार्टी एकताको निम्ति देखेका आधारभूत क्रान्तिकारी कम्युनिष्ट पार्टी, समूह, संघसंस्था र व्यक्ती/व्यक्तित्वहरुको नामावली तयार गर्नुपर्छ। यसनिम्ती केही अलि बढी नजिक भएका पार्टीका शिर्षपंक्तिका नेताहरुसँग गृहकार्यस्वरुप छलफल र परामर्शगर्दा अझ राम्रो हुन सक्छ। दोश्रो, यो ऐतिहासिक एकताको पहल गर्ने चन्दकै नेतृत्वमा एक उच्चस्तरीय टोली पनि उहाँहरुले गठन गरेर समयसिमा समेत तोकेर खट्नु/खटाउनुपर्छ। तेश्रो, एकताको विधि प्रस्तावित गर्नुपर्छ।

एकताका दुई विधि बढी प्रचलित छन्। एउटा हो आधारभूत विचार र राजनीतिमा तथा नेतृत्वमा एकरुपता भएमा हुने एकता र अर्को हो एउटाले अर्काको अर्थात् सानाले ठूलाको सबै कुरा मानेर केही पदस्थापन मिलाएर गरिने एकता। तेश्रो र नयाँ अर्को विधि पनि छ, त्यो हो सहकार्यका दौरानमा मूलत: इमान्दार क्रान्तिकारी मानिएका नेता र पार्टीहरुसँग सबै विषय महाधिवेशनमा वा आवश्यक परे त्यसभन्दा पनि पछि टुंग्याउनेगरी हाललाई सबै नमिलेका विषयमा सहमतीगरेर सिनियर र सक्षम नेताको संयोजकत्वमा **बाँकी ७ पेजमा**

# कोरला नाकाको व्यवस्थापन र पूर्वाधार कमजोर

काठमाडौं। नेपालको चीनतर्फको कोरला नाकाको व्यवस्थापन र पूर्वाधार कमजोर रहेको थाहा भएको छ। प्राप्त समाचारअनुसार मुस्ताङको उत्तरी कोरला नाकामा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन प्रभावकारी रुपमा गर्नुपर्ने जोड दिइएको छ। गत हालै आयोजित नवौं अन्तरपालिका जिल्लास्तरीय समन्वयात्मक बैठकमा कोरला नाकालाई प्राथमिकतामा राखेर आवश्यक भौतिक संरचना निर्माण तथा आयात/निर्यातलाई सहज बनाउनेतर्फ जोड दिइएको हो। पाँच पालिकाले सरकारले कोरला नाकालाई व्यवस्थित गराउँदै आय/निर्यात थप प्रभावकारी बनाउनुपर्ने माग गरेका हुन्। जिल्ला समन्वय समिति मुस्ताङको समन्वय तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजनामा मनाङ-मुस्ताङ पदमार्ग थोरलाफेदीमा अन्तरपालिका समन्वय बैठक आयोजना गरिएको थियो। उक्त अन्तरपालिका बैठकले कोरला नाका पूर्णरुपमा सञ्चालन भइसकेको अवस्थामा नाका क्षेत्रमा आवश्यक भन्सार, सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा पोस्टलगायत भौतिक संरचना निर्माण हुन नसकेकाले जिल्ला समन्वय समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिनुभएको थियो। समन्वयात्मक बैठकले कोरला नाका सञ्चालन भइरहेकाले आयात/निर्यातलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पशु तथा कृषि क्वारेन्टाइन कार्यालय स्थापना गर्न र नाकामा आवश्यक जनशक्ति व्यवस्थापन गराउन सरकारसमक्ष मागगर्ने निर्णय भएको अध्यक्ष गुरुङले बताउनुभएको थियो। सो जिल्लामा रहेका समसामयिक समस्या, चुनौती र सामधानका विकल्प पहिचानगर्ने उद्देश्यले आयोजना भएको समन्वयात्मक बैठकमा मुस्ताङलाई अर्गानिक खेतीको जिल्ला घोषणागर्न रासायनिक मलको आपूर्तिलाई निरुत्साहितगर्दै लैजाने निर्णय गरिएको अध्यक्ष गुरुङले उल्लेख गर्नुभएको थियो। त्यहाँको स्याउसहित अन्य स्थानीय अन्नबालीमा अघोषितरुपमा रासायनिक मलको प्रयोग भइरहेकाले मुस्ताङको अर्गानिक पहिचानलाई प्रतिकूल असर पुऱ्याउनेभन्दै अर्गानिक खेतीको जिल्ला घोषणागरी सोहीअनुसार किसानलाई जानकारी उपलब्ध गराइने उहाँको भनाइ थियो। रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने, माटोको उर्बराशक्तिमा ह्रास पुऱ्याउने र आम उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने भएकाले चालु आबको असारसम्ममा रासायनिक मल आयातगर्ने **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## पशिचम एशियाको द्वन्दले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामा पारेको असर

कर्तव्य

पशिचम एशियाको द्वन्दले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामा एकसाथ असर पारेको देखिएको छ। तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छभने अमेरिका, युरोप र रुसबीचको सम्बन्ध पनि थप जटिल बन्दैगएको छ। यसबीच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरु समानान्तररुपमा तीव्र भएका छन्। ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ। ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशत बढेर उच्च बिन्दूमा १२६.४१ डलरमा कारोबार भएको छ। अन्तराष्ट्रिय समाचार एजेन्सीका समाचार बिवरणहरुअनुसार वेष्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै उच्च बिन्दूमा ११०.३१ डलरमा कारोबार भएको छ। जो विगत चार वर्षयताकै उच्च हो। इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदैजाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो। सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले नाकाबन्दी उल्लंघनगर्ने प्रयासगरेका ४२ औं व्यावसायिक जहाजलाईसमेत सफलतापूर्वक फर्काइएको जनाएको छ। यससँगै करिब छअर्ब डलर मूल्य बराबरको छकरोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्यांकरहरु बजारमा प्रवेशगर्न नपाएको दाबी गरिएको छ। यसैबीच, अमेरिका र जर्मनीबीचको सम्बन्धमा तनाव देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बतौन्स्उनु भएको छ छन्। जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिंदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो। अर्कोतर्फ, रुसले युद्ध नगर्न अमेरिकालाई चेतावनी दिएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुन: सैन्य आक्रमण नगर्न आग्रह गर्नुभएको छ। उहाँले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारवाही पुन: शुरु भए गम्भीर र हानिकारक परिणाम आउने चेतावनी पनि दिनुभएको छ। ट्रम्पले उक्त वार्तालाई सकारात्मक बताउँदै इरानसँगको द्वन्द अन्त्यगर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गरे। युद्धको आर्थिक लागत पनि बढ्दैगएको छ। अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले करिव ६० दिनको द्वन्दमा हालसम्म करिब २५ अर्ब डलर खर्च भएको अनुमान गरिएको बताउनुभएको छ। यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरुलाई उहाँले अस्वीकार गर्नुभयो। रणनीतिकरुपमा लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा अमेरिका देखिएको छ। रिपोर्टहरुकाअनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरुमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ। साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्धन रोक्न र कडा प्रतिबन्ध स्वीकारगर्न दबाब दिने रणनीति अपनाइएको छ। ट्रम्पले आफ्नो सामाजिक सञ्जालमार्फत पनि कडा सन्देश दिनुभएको छ। उहाँले इरानले आणविक सम्झौतामा चाँडै निर्णय लिनुपर्ने चेतावनी दिनुभएको छ। युद्धको असर अन्य क्षेत्रहरुमा पनि देखिएको छ। क्यानाडामा आयोजित फिफा कांग्रेसमा सहभागी हुनगएका इरानी फुटबल अधिकारीहरुले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघिनै देश छोडेका छन्। ऊर्जा कम्पनीहरुलेभने बढ्दो मूल्यबाट लाभ लिएका छन्। फ्रान्सेली कम्पनी टोटल एनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँचअर्ब ८० करोड डलर पुगेको जनाएको छ।

ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ। साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुन: सञ्चालनमा आएको छ। यसले दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा कच्चा तेल उत्पादनगर्ने अधिकारीहरुले बताएका छन्। क्षेत्रीय सुरक्षा अवस्थाभने अझै अस्थिर छ। लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ। राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्ण रुपमा कार्यान्वयनगर्न आग्रह गरेका छन्। इजरायललेभने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारवाही जारी राखेको छ। यसैबीच इरानमाथि जारी अमेरिकी नौसैनिक नाकाबन्दी महिनौंसम्म लम्बिन सक्ने संकेतसँगै विश्व तेल बजारमा तीव्र उथलपुथल देखिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गर्नुभएको छ, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ। इरान र अमेरिकाबीच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो। यही क्रममा ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गर्नुभएको थियो। पुटिनले अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए हानिकारक परिणाम आउने चेतावनी दिनुभएको बताइएको छ। तेल उद्योगसँग सम्बन्धित अधिकारीहरुसँगको भेटमा ट्रम्पले इरानी बन्दरगाहहरुको नाकाबन्दीलाई निर्णायक कदमकारुपमा व्याख्या गर्नुभएको थियो। तेहरानले कुनैपनि सम्झौताअघि उक्त नाकाबन्दी हटाउन माग गरिरहेको छ। तर अमेरिकी सेन्ट्रल कमान्ड ( सेन्टकम) का अनुसार नाकाबन्दी उल्लंघनगर्ने प्रयासमा रहेका ४२ औं व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ। यसबाट करिब छअर्ब डलर बराबरको छकरोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबीगरिएको छ। युद्धको प्रभाव अमेरिकी आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ। यो संघर्ष आम मतदातामाझ लोकप्रिय नभएकाले ट्रम्पमाथि युद्ध अन्त्यगर्न राजनीतिक दबाब बढ्दो छ। साथै, तेलको मूल्य वृद्धिहुँदा अमेरिकी उपभोक्ताको खर्च बढेको छ भने अमेरिकी सहयोगी देशहरु पनि असुरक्षामा परेका छन्। ह्वाइट हाउसका एक अधिकारीकाअनुसार ट्रम्प प्रशासनले विश्वव्यापी तेल आपूर्ति सन्तुलनमा राख्ने उपायहरुबारे छलफलगर्दै आवश्यक परे नाकाबन्दी लामो समयसम्म कायम राख्ने तयारी गरेको छ। ट्रम्पले एक अन्तर्वार्तामा इरानमाथि दबाब तीव्ररुपमा बढिरहेको बताउँदै आगामी दिनमा थप कडाकदम चालिने संकेत दिनुभएको छ। यसबीच अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उकालो लागिरहेको छ। युरोपेली मोर्चामा पनि मतभेद देखिएका छन्। जर्मनीले इरानविरुद्धको युद्धमा प्रत्यक्ष समर्थनगर्न वा शान्ति सेनामा योगदान दिन अस्वीकार गरेपछि ट्रम्पले जर्मनीमा रहेका अमेरिकी सैनिक संख्या घटाउने चेतावनी दिनुभएको छ। जर्मन नेतृत्वले कूटनीतिक समाधानलाई प्राथमिकता **बाँकी ७ पेजमा**

# आजका सन्दभएमा मार्क्सवादी सही शिक्षाको आवश्यकता

लोकनारायण सुवेदी



विश्वमै फेरी मार्क्सवादी सही शिक्षा र व्यवहारिक ज्ञानको आवश्यकता हुनथालेको देखिएको छ। विश्वमा आफूलाई मार्क्सवादी दाबीगर्ने पक्षबाट बारम्बार यसको यान्त्रिक, आर्थिक र कठमुल्लवादी (जडसूत्रवादी) किसिमले यसको ब्याख्या र ब्यवहार गरेका कारण र साथसाथै देश तथा स्थान बिशेषका ऐतिहासिक तथा सामाजिक बिशेषताहरु र परिस्थिति अनुरुप मार्क्सवादको बिकासगर्न असक्षम भएका कारणले समेत यस दर्शन र सिद्धान्त बिरुद्ध रहेको खेमालाई मार्क्सवादको मृत्युको घोषणागर्न बल प्रदान गर्नेगरेको कुरा पटक पटक दोहोरिने गर्दैआएको हो। यसमा अझ अगाडि बढेर यसका अतिरिक्त त्यो मार्क्सवाद बिरोधी खेमाले बिचारधाराको अन्त्य, इतिहासको अन्त्य र उत्तर आधुनिक बैचारिक राजनीतिजस्ता चरम दक्षिणपन्थी भबिष्यबाणीगर्नका लागि पनि अनुकूल माहोल बनेको हो। यी सबै कुरा विश्वब्यापी अभियानकारुपमा हुँदाहुदै पनि आज यही यस्तो समय पनि हो जतिबेला सबै ठाउमा मजदुरबर्ग र उत्पीडित जन समुदाय तथा उत्पीडित राष्ट्रहरुसमेत संघर्षरत रहेका छन्। आजको विश्वमा अनौपचारिक र असंगठित तप्काको ठूला संख्या एकजुट हुदैगएको पनि देखिदै आएको छ। मजदुर, किसान, महिला, प्रबासी शरणार्थी तथा उत्पीडित जन समुदायका बिभिन्न तह र तप्काहरु पनि आफ्नो हकहितका निम्ति आवाज उठाउदै आएका छन्।

यसले प्रष्ट पार्दछ कि आजको नवउदारवादी बित्तीय पूँजीवादको संकटले सबक्र्रैस्लाई पिरोलेको छ र यसले उत्पन्नगर्ने चौतर्फी बिकराल समस्याको समाधान नखोजी धरै छैनभन्ने स्थिति फेरि पनि बन्दैगएको छ। यस स्थितिले पुनः मार्क्सवादका महत्वपूर्ण योगदानहरुको अध्ययन गर्नुपर्ने र यस बिकराल बन्दो अपूर्ब संकटपूर्ण स्थितिको समाधान खोज्नुपर्ने महत्वपूर्ण आवश्यकता अझ बढ्न गएको छ। इतिहास हेर्दा र केलाउँदा सन् १८१८ को पाँचौ महिना मई ५ का दिन जर्मनीमा जन्मेका कार्लमार्क्स आफ्नो समयको विश्वका सबैभन्दा महान चिन्तक तथा क्रान्तिकारी बिचारक थिए। उनको त्यही बिचारले विश्वका भरीका सर्बहारा बर्ग र श्रमजीवी जनतालाई आफ्नो मुक्तिको पथ प्रदर्शनगर्न थाल्यो र बैज्ञानिक समाजवादको दिशामा संघर्ष बिकसित हुँदैगयो र विश्वमा नयाँ र अभूतपूर्ब परिबर्तन ल्याउन योगदान दिदैआयो। शोषित, उत्पीडित, पददलित विश्वका करोडौ करोड मानिसहरुमा नयाँ आशा र उत्साह जगायो र परिवर्तनको ऊर्जा पैदागर्न ठूलो मद्धत गऱ्यो।

यसले संसारलाई हेर्नेमात्रै होइन फेर्ने काम पनि गऱ्यो। त्यसैले भनिन्छ कि मार्क्सको बिचारले मानव जातिको इतिहासमा सबैभन्दा धेरै प्रभाव पार्‍यो। उनको बिचार ब्यापक र बहुआयामिक रहेको छ। खाशगरी उनले बैज्ञानिक समाजवादी बिचारको बिकास गरे। यसका तीन वटा मूलभूत तत्वहरु छन। ती हुन् द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद,राजनैतिक अर्थशास्त्र र बर्ग संघर्षको सिद्धान्त। संक्षेपमा विश्व मानव समाजको सभ्यताको ठोस परिस्थितिको ठोस बिश्लेषणका आधारमा कार्ल मार्क्सले इतिहासको सही र बैज्ञानिक ब्याख्या गरे, पूँजीवादी शोषणको मिहीन तरीकाले एमआरआई गरेरर उजागर गरे तथा त्यस आधारमा समाजवादी तथा साम्यवादी क्रान्तिको औचित्य र आधार पनि प्रष्ट पारे। यस सन्दर्भमा उनले अर्थनीति, राजनीति, दर्शन, इतिहास, सँस्कृति, समाजशास्त्र, बिज्ञान र अन्य अनेक बिषयमा बिस्तारपूर्बक लेख्ने काम गरे।यसरी उनले विश्वमा बैज्ञानिक समाजवादको जग बसाल्ने काम गरे। सर्बहारा महिला आन्दोलन तथा पर्याबरण आन्दोलनका लागि बैज्ञानिक आधार प्रदान गरे। उनले नश्लवाद र जातिवाद बिरोधी जस्ता आन्दोलनहरु पनि देखे र लेखे। यद्यपि उनको सबल किल्ला केवल उनको बिचार मात्र थिएन।

उनले भिन्न भिन्न देशरुका बिभिन्न ट्रेड यूनियन संगठनहरुद्वारा गठित प्रथम 'वर्किङ्गम्यान एशोसिएशन( कामदार संघ), जसलाई प्रथम कम्युनिष्ट लीग पनि भनिएको थियो) मा पनि सक्रिय थिए। उनले जर्मन वर्कर एशोसिएशनको गठन पनि गरे। यद्यपि उनी उतिबेला बेल्जियममा बस्ने गर्दथे। कम्युनिष्ट लिगको तर्फबाटै मार्क्स र एंगेल्सले कम्युनिष्ट घोषणापत्र लेखेका थिए।यसरी उनीहरुले सर्बहारा अन्तर्राष्ट्रवादलाई ब्यवहारमा लागूगरेका थिए। जसलाई उनीहरुले पूँजीवादी राष्ट्रवादको बिरोधमा प्रतिपादन गरेका थिए भन्ने कुरा प्रष्ट छ। बस्तुतः ती सबै गतिबिधिहरुका लागि मार्क्सलाई ब्यक्तिगतरुपले ठूलो त्याग र बलिदान दिनुपरेको थियो। उनी र उनको परिबारलाई प्रायः सधैंनै गरीबी र प्रहरी दमन चक्रको सामना गरिरहनु परेको थियो। उनले पटक, पटक देश निकालाको सामनासमेत गर्नुपरेको थियो। खासगरी दुइपटक फ्रान्सबाट र एक पटक बेल्जियमबाट। अन्ततः उनले राज्यबिहीन ब्यक्तिकोरुपमा इङ्गल्याण्डमा रहनुपरेको थियो। किनकि इङ्गल्याण्डले उनलाई नागरिकता दिन अस्वीकार गरेको थियो। अनि उता प्रशियाले पनि उनको नागरिकता पुनर्वहालीगर्न मानेको थिएन। यसरी उनले अत्यन्तै कठिन परिस्थितिमा आफ्नो काम जारी राख्नु परेको थियो। यस्तो अत्यन्तै कठिनाईपूर्ण जीवनका कारण उनकी पत्नी तथा परिबारले अत्यन्तै कष्टकर जीवन धान्नु परेको थियो। जसका कारणले उनीहरुका सात छोराछोरीहरु मध्ये चारजनाले धेरै सानो उमेरमा नै आवश्यक औषधी उपचार नपाएर ज्यान गुमाउनु परेको थियो। यस्तो प्रकारको अत्यन्तै कठीन घडीमा पनि कार्ल मार्क्सले अर्थशास्त्र, इतिहास, समाजशास्त जस्ता बिभिन्न क्षेत्रहरुका महत्वपूर्ण बिचारहरु प्रतिपादन गरेका थिए। विश्वका धेरै मानिसहरु उनको यो सच्चाईलाई आज पनि स्वीकार्ने गर्दछन्। तर पनि उनीहरु के भन्दछन्भने क्रान्तिको उनको बिचार सही छैन। तिनको यो कुरा बिल्कुलै सही होइन र यो उनको अन्य बिचारमा समाहित छैन। यसो भन्नु एकदमै गलत हो। कार्ल मार्क्सका बिचारहरुको सारतत्व क्रान्तिका बारेमा उनको अबधारण हो। यो उनका कामहरुको जीवन रेखा हो। क्रान्तिको बिचार बिना मार्क्सको बिचार केही पनि होइन र हुँदैन। त्यसैले यस सन्दर्भमा कार्ल मार्क्सलाई सही अर्थमा स्मरण गर्ने प्रयत्न गरौं। यस परिप्रेक्षमा सर्बहारा अन्तर्राष्ट्रवादको भावनलाई दृढतापूर्बक कायम राख्ने,जनतन्त्र र नागरिक स्वतन्त्रताका लागि अनि समाजवाद तथा साम्यवादका लागि निरन्तर लड्ने कार्ल मार्क्सले जस्तो विश्वलाई दृष्टि प्रदान गरेका छन् त्यस्तो विश्वका लागि संघर्ष गर्ने आफ्नो प्रण र उत्साह नयाँ किसिमले दोहोर्याएका छन्। त्यसैले विश्वका धेरै क्रान्तिकारीहरुले कार्ल मार्क्सको जन्मको द्वि-शतबार्षिकी मनाउने क्रममा( आजभन्दा ८ बर्ष अघि २०१८मा) उनले देखाएको क्रान्तारी बाटोमा हिड्नका लागि नव यूवाहरुलाई प्रेरित गर्न र विश्वलाई समाजवाद र सामाजवादको दिशामा बदल्ने **बाँकी ७ पेजमा**

# नेपालको आर्थिक स्थिति र नयाँ सरकारले लिनुपर्ने कदम

बिष्णु श्रेष्ठ

नेपालको समग्र अर्थतन्त्र चक्रब्युहमा फसेकेको देखिएको छ। अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले गतसाता सार्वजनिक गर्नुभएको श्वेतपत्र हेरेपछि आर्थिक क्षेत्रका बिज्ञहरुले बिभिन्न किसिमका चिन्ता र चासोहरु ब्यक्त गरेका छन्। उक्त स्वेतपत्रलाई हेर्दा मुलुकलाई रास्वपाको घोषणापत्रअनुसार प्रगतिपथमा हिँडाउन पनि मुस्किल हुने देखिएको छ। जसलेगर्दा जनआक्यांक्षा पूरा गर्न/गराउन नयाँ सरकारलाई निकै चुनौतीपूर्ण हुने अवस्था छ।

नेपाली अर्थतन्त्रलाई यस्तो अवस्थामा पुऱ्याएको अन्तर्राष्ट्रिय घटनाक्रम र आन्तरिक परिस्थितिले हो। फाइनान्सियल एक्सन टास्क फोर्स ( एफएटीएफ)ले पारेको ग्रेलिष्टबाट बाहिर निस्कन नेपालले गर्नुपर्ने काम धेरै बाँकी रहेका देखिएका छन्। इरान-अमेरिका युद्धका कारण कच्चा पदार्थको अभाव, महँगी र इन्धनको मूल्यवृद्धिले अर्थतन्त्रको ढाड सेकिने अवस्था छ। आन्तरिक परिस्थिति हेर्दा राज्यको आम्दानी लक्ष्य पूरा हुन कठीन छभने निजी क्षेत्रको मनोबल गिरेको अवस्थामा रहेको छ। ग्रेलिष्टमा परेको मुलुक भएकोहुँदा नेपालका लागि अन्तर्राष्ट्रिय वा वैदेशिक लगानी भित्र्याउन पनि निकै कठीनपर्ने देखिएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी नीतिगत अभाव रहेकोभनेर सन् २००५ मै एफएटीएफले नेपाललाई सचेत गराएको थियो। पछि २००८ देखि २०१४ सम्म त नेपाल ग्रेलिष्टमै पऱ्यो। अहिले फेरि नीतिगत व्यवस्था हुँदाहुँदै कार्यान्वयनमा कमजोरी देखिँदा नेपाल त्यो सूचीबाट बाहिरिन सकेको छैन। त्यस्तो सूचीमा पर्नुभनेको अन्तर्राष्ट्रियरुपमा विश्वास गुमाउनु वा विश्वासयोग्य नहुनु पनि हो। विदेशी लगानी भित्र्याउनमात्र नभई अन्तर्राष्ट्रिय कारोबार गर्नुपर्दा पनि कठीन हुन्छ। बैंकहरुले प्रतीतपत्र खोल्दा पनि भरोषागर्न अप्ठ्यारो पर्ने देखिएको छ। यस्तो अवस्थामा नेपाली व्यवसायीले सहजै आयातगर्न नसक्ने अवस्था सिर्जना हुन्छ। त्यसैगरी नेपाललाई संसारकै भ्रष्ट मुलुकहरुको सूचीमा पनि राखिएको छ। यहाँको सुशासन अति कमजोर छ। सम्पत्ति शुद्धीकरण विभाग र राजस्व अनुसन्धान विभागलगायतका बिभागहरु रहेपनि सम्पत्ति शुद्धीकरण र त्यही ग्रेलिष्टबाट बाहिरिन कठीन परेको छ। ०६४ सालमै सम्पत्ति शुद्धीकरण निवारण ऐन ल्याइएको थियो।

तर त्यसअनुसार शंकास्पद कारोबारहरुको निगरानीगर्दै शुद्धीकरणका काममाभने हुनसकेका थिएनन्। सहकारीहरुमा अवैध वा शंकास्पद पैसा थुप्रिएको विषयले पनि नेपाललाई ग्रेलिष्टमा पुऱ्याएको देखिएको छ। जसको नियमन हालसम्म सबल ढंगले हुनसकेको छैन। अर्बौंको ठगी पनि हुनेगरेको छ। गैह्रसरकारी संस्थाका अनियमितता पनि त्यतिकै रहेका छन्। जसले नेपाललाई ग्रेलिष्टमा पुऱ्याउन बल दिएको पाइएको छ। यसअघिको केपी ओली नेतृत्वको सरकारले उपरोक्त सूचीबाट निस्कन केही प्रयासहरु गरेको भनिएको थियो। तर गत भदौ २३ र २४ को घटनाले उक्त सरकारलाईनै अपदस्त गरिदियो। गत भदौ २३ र २४ मा नेपालले अनपेक्षित आर्थिक क्षति ब्यहोर्नु परेको थियो। जुन घटना बिश्व जनमतको दृष्टिबाट बाहिर रहन सकेन। बीचमा चुनावी सरकार रहेको थियो। जसले खर्च बढाउने बाहेक आम्दानी बढाउने र बिकृति हटाउने कामगर्न सकेन। यतिबेला देशमा झन्डै दुईतिहाइ बहुमतसहितको सरकार छ। तर बर्तमान सरकारका नीति पनि यसअघिका सरकारका नीतिहरुभन्दा फरक हुनसकेका छैनन्। विगतका अर्थमन्त्रीलेजस्तै बर्तमान अर्थमन्त्री वाग्लेले पनि आर्थिक स्थितिपत्र सार्वजनिक गर्नुभएको छ। यसअघिकाहरुले स्वेतपत्र भन्थेभने हालकाहरुले स्थितिपत्र भनेका छन्। तर उक्त पत्रहरुको मूल आशय अर्थमन्त्रीले पदबहालीगर्दा मुलुकको अर्थतन्त्रको वास्तविक अवस्था बाहिर ल्याउनुमात्र हो। विगतकोमात्र नभएर हाल जारी स्थितिपत्रले पनि नेपालको अर्थतन्त्रमा देखिएका समस्यालाई बढी उजागर गरेको देखिएको छ। अब अर्थतन्त्रका समस्या देखाएर मात्र शासन सत्तामा रहेकाहरुले उम्किन पाउने अवस्था छैन।

उनीहरुले मुलुकका लागि अर्थतन्त्र सुधारको रोडम्याप र कार्यान्वयन थाल्नुपर्ने आवश्यकता रहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको करिब दुईतिहाइको सरकारका अर्थमन्त्री डा.वाग्लेले सार्वजनिक गरेको आर्थिक स्थितिपत्रले मुलुकको अर्थतन्त्रका संरचनागत कमजोरीहरुलाई पुनः उजागर गरेको छ पाइन्छ। अनुत्पादक चक्र, न्यून लगानी, कमजोर औद्योगिकीकरण र वैदेशिक निर्भरताका जुन समस्याहरु देखाइएको छ, ति सबै समस्या नयाँ होइनन्। राष्ट्रिय योजना आयोगदेखि विश्व बैंकसम्म काम गरेको अनुभव भएका अर्थमन्त्री डा. वाग्लेले समस्या पहिचानगर्नु कुनै नौलो विषय भैरहेको छैन। अबको चुनौती भनेको समस्या गन्नेनभएर समाधान निकाल्ने हो। नेपाल ग्रेलिष्टमा परेको विषयले अन्तर्राष्ट्रिय वित्तीय प्रणालीमासमेत विश्वास कमजोर बनाएको छ। जसको असर समग्र आर्थिक विश्वसनीयतामा पर्ने गर्दछ। यस्ता संवेदनशील विषयमा बर्तमान सरकारको प्रतिक्रिया कागजी प्रतिबद्धताभन्दा बढी ठोस कार्यान्वयनमा देखिनुपर्छभन्ने धेरैको माग रहेको छ। नियामक निकाय सुदृढीकरण, पारदर्शी वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय मापदण्ड पालनमा प्रतिबद्ध हुनुपर्छभन्ने कुराहरु उठेका छन्। नेपाली अर्थतन्त्रको अर्को मुख्य समस्या भनेको असन्तुलित संरचना पनि हो। कृषिप्रधान अर्थतन्त्रबाट सेवा क्षेत्रमा हामफाल्दा उत्पादनमूलक आधार बलियो बन्न नसकेको ठानिएको छ। परिणामस्वरुप रोजगारी सिर्जना पनि कमजोर रहेको छ। जुले वैदेशिक रोजगारीमा निर्भरता बढाउँदै लगेको छ। रेमिटेन्सले अर्थतन्त्र धानिरहेको छ तर यसले दीर्घकालीन उत्पादन र उत्पादकत्व वृद्धि सुनिश्चित गर्दैनभन्ने पनि स्पष्ट छ। यसलाई उत्पादनमूलक क्षेत्रमा रुपान्तरणगर्ने नीति हालसम्म प्रभावकारीरुपमा कार्यान्वयन हुनसकेको छैन। अर्थतन्त्रका जानकारहरु राजस्व संकलन कमजोर हुनु, कर आधार साँघुरो हुनु र अनौपचारिक अर्थतन्त्र ठूलो रहनु राज्यको क्षमता सीमित भएको संकेतकारुपमा लिन्छन्। बजेटको ठूलो हिस्सा चालु खर्चमा जानु र पूँजीगत खर्च प्रभावकारी नहुनुले विकासको गति सुस्तरहेको देखाएको छ। यस्तो समस्या केवल श्रोतको अभाव मात्र नभई कार्यान्वयन क्षमताको कमजोरी हो। नेपालजस्तो मुलुकमा ठेक्का प्रणाली, परियोजना **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# खोजमूलक पत्रकारिता तथा एआईसम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न

काठमाडौं। नेपाल पत्रकार महासंघ बागमती प्रदेशको समन्वय तथा काभ्रेपलाञ्चोकको धुलिखेलमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको दुईदिने खोजमूलक पत्रकारिता तथा एआईसम्बन्धी अभिमुखीकरण कार्यक्रम हालै सम्पन्न भएको छ। कार्यक्रममा बागमती प्रदेशका २१ जना महिला पत्रकारको सहभागिता थियो। बागमती प्रदेशका १३ जिल्लामा क्रियाशील पत्रकार महिलाका लागि प्रदेशभित्रका महिला पत्रकारको खोजमूलक समाचार लेख्ने क्षमता विकास गर्नुकासाथै डिजिटल युगको नयाँ चुनौतीर अवसरसँग परिचित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। समापन कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्णसारु मगरले अब पत्रकारिता क्षेत्र परम्परागत शैलीबाट मात्र चल्न सम्भव नहुने बताउनुभएको थियो। उहाँले खोजमूलक पत्रकारितामार्फत डिजिटल युगमा एआईजस्ता आधुनिक प्रविधिलाई आत्मसात्गर्दै आफ्ना पत्रकारितालाई केन्द्रितगर्नु आजको आवश्यकता हो। अझ त्यसमा पत्रकार महिलालाई प्रविधिमैत्री बन्नर सामाजिक विकासका मुद्धालाई गहिरइबाट उठाउन अभिमुखीकरण कार्यक्रमले मद्धत पुग्नेछ भन्नुभएको थियो। कार्यक्रममा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव खुविराम अधिकारीले अहिले आयोजना गरेको कार्यक्रमलाई आगामी दिनमा पत्रकार महासंघर सञ्चार क्षेत्रसँग समन्वयगरेर अझ परिस्कृतगर्दै लैजाने बताउनुभएको थियो। सामाजिक विकासका विभिन्न पक्षलाई नागरिकसम्म पुऱ्याउने कार्यमा पत्रकारको भूमिका महत्त्वपूर्णरहेको उल्लेख गर्दै उहाँले तालिममा सिकेका सीपलाई व्यवहारमा उतार्दै अगाडि बढ्नका लागि सहभागीलाई आग्रह गर्नुभएको थियो। नेपाल पत्रकार महासंघ काभ्रेपलाञ्चोकका अध्यक्ष विनोद न्यौपानेले सिकेको कुरालाई व्यवहारमुखी बनाउन पत्रकारहरु लाग्नुपर्नेमा जोड दिनुभएको थियो। पछिल्लो समयमा सामाजिक सञ्जालले पत्रकारिता क्षेत्रलाई प्रभाव पारिरहेको अवस्थामा अझ पत्रकार महिला पलायन हुने अवस्थारहेकाबेला अभिमुखीकरण कार्यक्रमले सशक्तीकरणमा बल पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो। कार्यक्रममा सहभागी पत्रकार अञ्जली तामाङले अभिमुखीकरण कार्यक्रम निकै प्रभावकारी भएकोर आगामी दिनमा हुने तालिम कार्यक्रमको अवधिलाई अझ बढाएर विषयवस्तुमा केन्द्रित तालिमको आयोजनागर्न आग्रह गर्नुभएको थियो। कार्यक्रममा सहभागी अर्की पत्रकार सरिता दाहालले महिला पत्रकारको सुरक्षा, चुनौतीर सञ्चारमाध्यममा लैंगिक समानता तथा समावेशीकरणका विषयमा जानकारी गराउनुभएको थियो। त्यसैगरी पत्रकार महासंघकी उपाध्यक्ष नितु पण्डितले पत्रकार आचारसंहिता, फेक न्यूजर जिम्मेवार पत्रकारिताका विषयमा तथा अजय शर्माले पत्रकारितामा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को सहयोगमा सामग्री निर्माणर भिजुअलसम्बन्धी विषयमा सहजीकरण गर्नुभएको थियो।

# १० जनालाई प्रज्ञा पुरस्कार प्रदान

काठमाडौं। बिभिन्न बिधाका १० जना विशिष्ट श्रष्टालाई नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा हालै प्रज्ञा पुरस्कार-०८२ प्रदान गरिएको छ। भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्रर समाजशास्त्रलगायत विधामा साधनारत विशिष्ट श्रष्टालाई पुरस्कार प्रदान गरिएको हो। पुरस्कारमाराष्ट्रियतर्फ एकलाख रुपैयाँर प्रादेशिकतर्फ ५० हजार रुपैयाँराशिरहेको छ। प्रज्ञा पुरस्कार समालोचनातर्फ प्रा डा अभि सुवेदी, दर्शनतर्फ ईश्वरचन्द्र ज्ञवाली, गद्य साहित्यतर्फ आहुतिलाई, भाषातर्फ प्रा मुकुन्दशरण उपाध्याय, सामाजिकशास्त्रतर्फ डा डम्बर चेम्जोङ, पद्य साहित्यतर्फ शैलेन्द्र साकार, संस्कृतितर्फ प्रा डा सोमप्रसाद खतिवडा, बालसाहित्यतर्फ सुशीला प्रधानाङ्ग, अनुवादतर्फ डा सर्वोत्तम श्रेष्ठ, अन्तर्देशीयतर्फ नरेश काङमाङराई (बेलायत), मातृभाषा ( हिमाली पहाडी) तर्फ बुद्ध योञ्जनर मातृभाषा (मधेस तराई)तर्फ अमरेन्द्रकुमार यादवलाई पुरस्कृत गरियो। त्यसैगरी प्रज्ञा प्रादेशिक पुरस्कार पाउनेमा कोशीमा मलिसा याक्थुम्बा लिम्बू (महेन्द्रकुमार नेम्वाङ), मधेस प्रदेशतर्फ मुना चौधरी, बागमती प्रदेशतर्फ शान्ति प्रिय बन्दना, गण्डकी प्रदेशतर्फ अनिल श्रेष्ठ, लुम्बिनी प्रदेशतर्फ क्षितिज मगर, कर्णाली प्रदेशतर्फरमानन्द आचार्य, सुदूरपश्चिम प्रदेशतर्फ कर्ण दयाल सोडारी हुनुहुन्छ। कुलपति भूपालराईले भाषा, साहित्य, संस्कृतिर समाजशास्त्रलगायतका ज्ञानका विविध आयाममा साधनारत प्रतिनिधिमूलक प्रतिभालाई प्रज्ञा पुरस्कार दिन पाएकामा गौरवबोध भएको टिप्पणी गर्नुभएको थियो।

# लघु चलचित्र बुख्याँचा सर्वोत्कृष्ट घोषित

काठमाडौं। लघु चलचित्र बुख्याँचा सर्वोत्कृष्ट घोषित भएको छ। नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलले ०८२ सालको लघु चलचित्र प्रतियोगीताका तीन उत्कृष्ट चलचित्र निर्मातालाई पुरस्कार प्रदान गर्नुभएको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालय स्थापनाको २४ औं वार्षिकोत्सवका अवसरमा सैनिक मुख्यालयमा आयोजित कार्यक्रममा लघु चलचित्र बुख्याँचाका सुरज पराजुली, अमरकर्तव्यका देवशंकर पौडेलर अडानका निर्माताराम नरेशलाई उहाँले नगद पुरस्काररर प्रमाणपत्र प्रदान गर्नुभएको थियो। प्रतियोगितामा लघु चलचित्र बुख्याँचा प्रथम, अमर कर्तव्य द्वितीयर अडान तृतीय घोषितभइ क्रमशः दुईलाख, एकलाख ५० हजारर एकलाख नगद पुरस्काररर प्रमाणपत्र प्राप्त गरे। नेपाली सेनाले संगठन स्थापना दिवसका अवसरमाराष्ट्रिय विकास, विपद् व्यस्थापन, प्रकृति तथा पर्यावरण संरक्षण,राष्ट्रिय एकताको प्रवर्द्धनर अन्तरराष्ट्रिय शान्ति कार्यमा पुऱ्याएको योगदानसम्बन्धी विषयमा लघु चलचित्र निर्माणगर्न आह्वान गरेको थियो। प्रतियोगिताका लागि ३४ वटा निवेदन परेकामा १० वटा स्क्रिप्ट छनोटगरी चलचित्र निर्माणका लागि सेनाले आवश्यक सहयोगर सहजीकरण गरेकामा ती तीन चलचित्र छनौट भएका हुन्। त्यस अवसरमा महाशिवरात्रि तथा सेना दिवस-०८२ का अवसरमा आयोजित नेपाली सेना फोटो प्रदर्शनीका उत्कृष्ट युनिट तथा निर्देशनालयलाई पुरस्कृत गरियो। प्रतियोगितामा शार्दुलजंग गुल्म प्रथम, सैनिक कल्याणकारी निर्देशनालय दोस्रोर प्रतिविद्रोह तथा जंगल शिक्षालय तृतीय घोषित भए। प्रधानसेनापति सिग्देलले कार्यक्रममा नेपाली सेनाद्वारा प्रकाशित सिपाही वार्षिक ०८२ मा प्रकाशित उत्कृष्ट तीनवटा लेखका सर्जक चन्द्रदेव भट्ट, सहायकरथी दिलविक्रम सुब्बार महासेनानी ईश्वर बुढाथोकीलाई नगद पुरस्काररर प्रमाणपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा **बाँकी ७ पेजमा**

# कर्मचारीको बढुवा सम्बन्धी नयाँ नीति र नेपालको प्रशासन

नारायण न्यौपाने

## साझा मञ्च

सरकारले निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकन तथा नेतृत्व विकासलाई वस्तुगत र व्यावहारिक बनाउन लागेको छ। संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा निजामती सेवालाई बढी कार्यमूलक, नतिजामुखी र सेवाग्राहीमैत्री बनाउन कार्य सम्पादन मूल्यांकन प्रणाली सुधारमा जोडदिइएको छ। विधेयकलाई जनचाहना र सरोकार वालाको सुझावका आधारमा परिष्कृत बनाउन सामान्य प्रशासन तथा संघीयमामिला मन्त्रालयले विधेयकमाथि सुझाव संकलन गरिरहेको छ। गतसाता शुक्रबार सार्वजनिक गरिएको विधेयकको मस्यौदामाथि कर्मचारीको अनिवार्य अवकाश, उम्मेर हद, बढुवा र सचिवको पदावधिलगायत विषयमा छ हजारभन्दा बढी सुझाव प्राप्त भइसकेको छ।

अघिल्लो प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफलभई निष्कर्षोन्मुख त्यस विधेयकलाई आधार मानी वर्तमान सरकारले मस्यौदालाई अन्तिमरुप दिएको हो। मन्त्रालयका सहसचिव प्रकाश दाहालकाअनुसार विभागीय प्रमुख, कार्यालय प्रमुख, सहसचिव, सचिव र मुख्यसचिव सबैको वस्तुगत कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा वस्तुनिष्ठ मूल्यांकनबाट बढुवा, सेवा सुविधा, जिम्मेवारी, दण्ड र पुरस्कारको भागेदारी बनाइनेछ। संघीयनिजामती सेवालाई राष्ट्रहित र संघीयलोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिकरुपमा तटस्थ, पेसागत रुपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रका रुपमा विकास गर्ने उद्देश्य विधेयकमा राखिएको छ। मस्यौदामा खासगरी प्रशासनिक संघीयता कार्यान्वयन, नेतृत्व विकास र बढुवालाई कार्यसम्पादन मूल्यांकनको आधार बनाइएको छ। निजामती सेवामा अवसरका सबै विषय कार्य मूल्यांकनमा आधारित हुने भएकाले बढुवा फारममा शतप्रतिशत नम्बर दिएर पदोन्नति हुने पद्धतिको अब अन्त्य हुने विश्वास गरिएको छ। स्थायी सरकारका रुपमा रहेका निजामती कर्मचारीको पदोन्नतिका लागि कार्यसम्पादन सूचक तथा वार्षिक कार्यक्रमको प्रगति, आचरण, अनुशासन तथा नैतिक परीक्षण र सेवाग्राहीको पृष्ठपोषणका आधारसमेत लिइनेछ। विगतमा पूर्णाक बराबरको नम्बर दिनुपर्छभन्ने कहीँ उल्लेख नभए पनि मोलाहिजा, आश र त्रासले शतप्रतिशत नम्बर प्रदान गर्ने गरिएको भन्दै आलोचना हुँदैआएको थियो। प्रस्तुत विधेयकले काम गर्ने र नगर्ने कर्मचारीबीचको विभेद छुट्याउने विषयलाई बाध्यकारी बनाएको छ। प्रशासनिक संघीयता कार्यान्वयनमा पनि प्रस्तुत विधेयक एक कदम अगाडि रहेको विज्ञको धारणा छ। लामो अनुभव, विषयविज्ञता र विशेषज्ञता हाशिल गरेका निजामती सेवामा उपल्लो तह अर्थात सचिवको जिम्मेवारीमा रहेकाको कार्य मूल्यांकनका आधारमा एकवर्षे कार्यकाल थप गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसअनुरुप अधिकृत चौधौं र तेह्रौं तहका निजामती कर्मचारीको सेवा अवधि दुई वर्ष रहने भए पनि सरकारले कार्यदक्षताको आधारमा अधिकृत तेह्रौं तहको कर्मचारीको भने पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ। निजामती सेवालाई विशिष्टिकृत, नेतृत्व विकासलाई वस्तुगत र कार्यसम्पादन व्यावहारिक तुल्याउन उच्च तहको कर्मचारीका सेवावधि तोक्न र थप्न सक्ने व्यवस्था ऐनमै राख्न प्रस्ताव गरिएको हो।

हाल मुख्यसचिवको पदावधि तीन वर्षको छभने सचिवको अवधि पाँच वर्ष रहिआएको छ। विशिष्ट श्रेणीमा पुगेका परिपक्व कर्मचारीको छोटो अवधिमै सरुवा नगर्ने विषय ऐनमै समावेश छ। अघिल्लो प्रतिनिधिसभा र संसदीय समितिमा निकै चर्चा, बहस र रस्साकस्सी बनेको 'कुलिङ पिरियड'सम्बन्धी प्रावधान प्रस्तुत विधेयकमा समेटिएको छ। निश्चित अवधि निर्णायक तहमा बसेर काम गरेको कर्मचारीको संवैधानिक निकायलगायतमा हुनसक्ने नयाँ नियुक्ति व्यक्तिगत स्वार्थसँग जोडिनसक्ने पाटोलाई दुईवर्षे 'विश्राम अवधि'सम्बन्धी व्यवस्थाका लागि प्रस्ताव गरिएको हो। त्यस्तै, कर्मचारी ट्रेड यूनियनका सम्बन्धमा विभिन्न खाले प्रतिक्रिया सार्वजनिक भइरहेको अवस्थामा शान्तिसुरक्षा र प्रशासनिक सेवामा राज्यले आफ्नो निर्णय लिनसक्ने अन्तरराष्ट्रिय महासन्धिलाई आत्मसात् गरेको देखिएको छ। निजामती सेवालाई निष्पक्ष, तटस्थ र व्यावसायिक बनाउन ट्रेड यूनियन आवश्यक नरहेको आमनागरिकको प्रतिक्रिया छ। यद्यपि, मस्यौदामा समेटिएका यी यस्ता पेचिला विषय संसद्मा हुने बहसबाट निष्कर्षमा पुग्नेछन्। निजामती कर्मचारी ऐनले नागरिकको आवाज र गुनासोलाई के कति सम्बोधन गर्न सक्छ भनी विधेयकमै परिभाषित गरिएको छ। प्रस्तावित मस्यौदामा स्थानीय सेवा र प्रदेश निजामती सेवा सञ्चालन ऐनमा दुवै तहका सेवालाई यस ऐनले मागदर्शन गर्नेछ। प्रस्तावित ऐन जारी भएपछि यससँग सम्बन्धित अन्य ऐनमा पनि एकरुपता कायम हुनेछ।

यसले तीन तहकै कर्मचारीको वृत्ति विकास र आधारभूत सेवा र सुविधा समान हुनेछ। मन्त्रालयका अधिकारीहरु समग्रतामा प्रस्तावित नयाँ विधेयक कर्मचारीमैत्रीका रुपमा लिन सकिने बताउनुहुन्छ। अनुशासित भएर कर्मचारीले आफूसँग भएको ज्ञान, सीप, योग्यताको सदुपयोग गरी जनहित र देश विकासमा योगदान दिनुपर्छ। विगतमा कर्मचारी समायोजन ऐनबाट गरिएका निर्णयले अझैसम्म केही समस्या सिर्जना गरेकामा त्यसलाई पनि सम्बोधन गर्नेछ। संविधानमा स्पष्ट नभएको तीन तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई पनि यस मस्यौदाले समेटेको छ। यस विधेयकले प्रशासनिक संघीयता कार्यान्वयनमा रहेका जटिलता पनि समाधान हुने विश्वास गरिएको छ। विधेयकमा उपसचिव र सहसचिव श्रेणीमा १० प्रतिशत खुल्ला प्रतिस्पर्धा तथा संघ, प्रदेश र स्थानीय तहबीचका कर्मचारीले १० प्रतिशत अन्तर तह प्रतिस्पर्धागर्न पाउने प्रस्ताव गरिएको छ। यो प्रावधान नयाँ हो, जसबाट क्षमतावान् जनशक्ति भित्र्याउन सहयोग पुग्नेछ। विधेयकमा कर्मचारीको उमेर हद बढाएर ६० वर्ष प्रस्ताव गरिएको छ। यसअघि निजामती सेवा विधेयकमा ५८ वर्षमा अनिवार्य अवकाश हुने व्यवस्था थियो। कम उमेरमा तालिम र अनुभव प्राप्त दक्ष जनशक्ति अवकाशहुँदा नीतिनिर्माण र सेवा प्रवाहमा परिपक्व तथा सरकारका अभ्यास तथा प्रणाली बुझेका कर्मचारीको व्यवस्थापनका लागि ६० वर्ष सेवावधि प्रस्ताव गरिएको मन्त्रालयको दाबी छ। कम उमेरमा अवकाश दिँदा राज्यलाई थप वित्तीय दायित्व बढ्ने पक्षलाई ख्याल गरिएको छ। प्रस्तुत ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोश्रो आवमा ५९ वर्ष उमेर पूरा भएपछि अवकाश पाउने प्रावधान राखिएको छ। राजपत्रांकित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा भने पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा हुनेछ। निजामती सेवामा आर्थिक योजना तथा तथ्यांक, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, विविध, शिक्षा र सूचना प्रविधि सेवा रहने प्रस्ताव गरिएको छ। निजामती सेवामा श्रेणीगत र तहगत गरी मिश्रित संरचना रहनेछन्। राजपत्रांकित विशिष्ट श्रेणीमा अधिकृत चौधौं र तेह्रौं, प्रथम श्रेणीमा अधिकृत बाह्रौं र एघारौं, द्वितीय श्रेणीमा अधिकृत दसौं र नवौं, तृतीय श्रेणीमा अधिकृत आठौं, सातौं र छैटौं तथा राजपत्र अनंकित प्रथम श्रेणीमा सहायक पाँचौं, द्वितीय श्रेणीमा सहायक चौथो, तृतीय श्रेणीमा सहायक तेश्रो, चतुर्थ श्रेणीमा सहायक दोश्रो र पाँचौं श्रेणीमा सहायक पहिलो रहने प्रस्ताव गरिएको छ।

राजपत्र अनंकित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूराभएको हुनुपर्नेछ भने राजपत्रांकित वा अधिकृत तहको पदमा २१ वर्ष उमेर पूराभएको व्यक्तिले प्रतिस्पर्धागर्न पाउनेछ। निजामती सेवामा पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३५ वर्ष उमेर पूरा नभएको तथा अपांगता भएको व्यक्ति ३९ वर्षसम्म उम्मेदवार हुन पाउनेछ। हाल पुरुषको ३५ वर्ष छभने महिलाको ४० वर्षसम्म निजामती सेवामा प्रवेशको मापदण्ड रहेको छ। पूर्वसचिव कृष्णहरि बाँस्कोटा राजनीतिक रुपमा तटस्थ, सरकारको चाहनाअनुरुप आफ्ना अनुभव र सूचना उपलब्ध गराउने तथा कानुनविपरीतका कार्य रोक्न आवश्यक सल्लाह दिने स्थायी सरकारका रुपमा निजामती सेवालाई लिने गरिएको बताउनुभयो। उहाँले प्रस्तावित विधेयकले सुशासन कायमगर्न निकै मद्दत गर्छ, कर्मचारीलाई श्रेणी र तह दुबैमा सम्मिश्रण गरिएको छ, जसले कर्मचारीभित्रको विभेद् अन्त्यगर्न, मनोबल उकास्न र सुशासन कायमगर्न प्रेरित गर्छ। कर्मचारीका सेवा, सुरक्षा र गुनासोलाई सम्बोधन गर्न बोर्डको व्यवस्था गरेको छ। विशिष्ट क्षमता भएका व्यक्तिलाई बाहिरबाट ल्याउन बाटो खोलेको छ भन्नुभयो। ऐनमा समेटिएका प्रावधानले कर्मचारी उत्प्रेरितभई सुशासन कायम हुनेमा सुनिश्चितगर्ने राष्ट्रिय सूचना आयोगका पूर्वअध्यक्ष बास्कोटाको भनाइ छ। असल नियतले गरेको **बाँकी ७ पेजमा**

# नेपालमा सुस्त वृद्धि, संरचनात्मक चुनौती कायम

काठमाडौं। नेपालमा सुस्त वृद्धि, संरचनात्मक चुनौती कायमै रहेको सरकारी तथ्यांकहरुले स्पष्ट गरेका छन्। सरकारले मुलुकको समग्र आर्थिक, सामाजिक तथा शासकीय अवस्थाको विस्तृत मूल्यांकनसहित नेपालको वर्तमान आर्थिक स्थितिपत्र-०८३ सार्वजनिक गरेपछि उपरोक्त रहस्य खुलेको हो। अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको प्रतिवेदनले नेपालको आर्थिक वृद्धिदर तुलनात्मक रुपमा न्यून र अस्थिर रहेको निष्कर्ष निकाल्दै संरचनात्मक सुधारको खाँचो औंल्याएको छ। त्यसैगरी उक्त स्थितिपत्रले नेपालको अर्थतन्त्रमा सुस्त वृद्धि, संरचनात्मक असन्तुलन, कमजोर औद्योगिकीकरण, सीमित रोजगारी, लगानी अभाव र राजस्व संकलनका चुनौतीहरु विद्यमान रहेको देखाउँदै दिगो आर्थिक रुपान्तरणका लागि नीति सुधार, प्रविधि प्रयोग, निजी क्षेत्रको सशक्तिकरण र उत्पादनमुखी क्षेत्रको विकासमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ। प्रतिवेदनअनुसार पछिल्लो एक दशकमा नेपालको वार्षिक औसत आर्थिक वृद्धि ४.२ प्रतिशतमात्र रहेको छ। यस अवधिमा अर्थतन्त्र न्यूनतम २.४ प्रतिशतसम्म संकुचन र अधिकतम् करिब नौ प्रतिशतसम्म विस्तार भएको देखिएको छ। पछिल्ला वर्षहरुमा आर्थिक गतिविधि सुस्तरहँदा आब ०८१/८२ मा ४.६१ प्रतिशतले विस्तार भएको अर्थतन्त्र चालु आब ०८२/८३ मा करिब ३.५ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण गरिएको छ। छिमेकी मुलुकहरुका तुलनामा नेपालको आर्थिक वृद्धि निकै सुस्त रहेको प्रतिवेदनले उल्लेख गरेको छ।

नेपालको अर्थतन्त्र कृषिबाट औद्योगिकीकरण नहुँदै सेवा क्षेत्रमा केन्द्रितहुँदै गएको स्थितिपत्रको निष्कर्ष छ। आब ०७२/७३ मा कृषि क्षेत्रको योगदान २८.४ प्रतिशत रहेकोमा ०८१/८२ मा २५.२ प्रतिशतमा झरेको छ। त्यसैगरी सो अवधिमा सेवा क्षेत्रको योगदान ५७.५ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेको छभने उद्योग क्षेत्रको योगदान १४.१ प्रतिशतबाट घटेर १२.८ प्रतिशतमा सीमित भएको छ। आय र उत्पादकत्व बढाउनेगरी यसको संरचनात्मक परिवर्तन आवश्यक रहेको प्रतिवेदनले औंल्याएको छ। कूल जनसंख्याको ६२ प्रतिशतको मुख्य पेशा रहेको कृषि क्षेत्रको योगदान २५.२ प्रतिशत मात्र रहेको छ। पछिल्लो दशकमा कृषि क्षेत्रको औसत वृद्धिदर करिब तीन प्रतिशतमात्र रहेको पाइन्छ। स्थितिपत्रले धान, गहुँ र मकैको उत्पादन दक्षिण एशियाली औषतभन्दा कम रहेको उल्लेखगर्दै कृषिको आधुनिकीकरण र व्यावसायीकरण आवश्यक रहेको जनाएको छ। उत्पादनमूलक उद्योगको अवस्था कमजोर रहेको उल्लेखगर्दै प्रतिवेदनले विगत एक दशकमा उद्योग क्षेत्रको औसत योगदान ५.४ प्रतिशतमात्र रहेको जनाएको छ। समग्र अर्थतन्त्र ४.२ प्रतिशतले विस्तारहुँदा उद्योग क्षेत्रको वृद्धि २.९ प्रतिशतमा सीमित रहनु चिन्ताजनक रहेको पनि स्थितिपत्रमा उल्लेख छ। लगानी अभाव, आयातमा निर्भरता, उच्च उत्पादन लागत र प्रविधिको कमीका कारण औद्योगिकीकरण कमजोर बनेको प्रतिवेदनमा उल्लेख छ। बिद्युत उत्पादनमा उल्लेखनीय प्रगति भएको प्रतिवेदनले देखाएको छ। ०६८ असारसम्म ६९७.८५ मेगावाट रहेको जडित क्षमता ०८२ फागुनसम्म चारहजार १०५ मेगावाट पुगेको छ।

नेपालले बिद्युत निर्यातगर्न थाले पनि सुख्खायाममा आयात गर्नुपर्ने अवस्था कायम छ। प्रसारण लाइनको अभाव र वितरण क्षमतामा कमजोरीले उत्पादन भएको बिद्युत उपभोगमा समस्या देखिएको जनाइएको छ। देशभित्र रोजगारीका अवसर सीमितहुँदा वैदेशिक रोजगारीमा निर्भरता बढ्दै गएको पनि प्रतिवेदनले जनाएको छ। बेरोजगारी दर १२.६ प्रतिशत रहेको छ। आब ०८१/८२ मा आठ लाख ३९ हजार नेपालीले श्रम स्वीकृति लिएका छन्भने चालु वर्षको चैतसम्म पाँच लाख ५७ हजारले स्वीकृति लिएका छन्। विप्रेषणले अर्थतन्त्रमा सहयोग पुऱ्याए पनि दीर्घकालमा मानव पूँजी क्षयको जोखिम बढेको उल्लेख गरिएको छ। जलबिद्युत, वन र खनिज श्रोतमा ठूलो सम्भावना भएपनि अपेक्षित उपयोग हुननसकेको प्रतिवेदनले जनाएको छ। ८३ हजार मेगावाट सम्भावनाको जलबिद्युतमध्ये चार हजार १०५ मेगावाट मात्र उपयोगमा आएको छ। वन क्षेत्रबाट आम्दानीगर्न सकिने अवस्था हुँदाहुँदै काठ तथा फर्निचर आयात बढ्नु विडम्बनापूर्ण रहेको स्थितिपत्रमा उल्लेख छ। सन् २०२५ मा ११ लाख ५८ हजार विदेशी पर्यटक आगमन भएको र औसत बसाइ १६.२४ दिन पुगेको तथ्य प्रस्तुतगर्दै प्रतिवेदनले पर्यटन क्षेत्रमा सुधार देखिएको जनाएको छ। हाल २२२ तारे होटलसहित एकहजार ६०० भन्दा बढी होटल सञ्चालनमा छन्। तर कमजोर हवाई र सडक पूर्वाधार तथा अन्तर्राष्ट्रिय विमान स्थलहरुको पूर्णउपयोग हुन नसक्दा पर्यटनको सम्भावना पूर्णरुपमा उपयोग हुनसकेको छैन। बचत-लगानी अन्तर र कमजोर पूँजी निर्माणको अवस्था पनि स्थितिपत्रले चित्रण गरेको छ। कूल गार्हस्थ्य बचत औसत ८.५ प्रतिशतमात्र रहेको र लगानी **बाँकी ७ पेजमा**

# समाचार विविध

## सरकारद्वारा विदेशी ऋणलिनेक्रम जारी

काठमाडौं। बर्तमान सरकारले पनि विदेशी ऋणलिनेक्रम जारी राखेको छ। यसैक्रममा नेपाल सरकार र एशियाली विकास बैंक (एडिबी) बीच डिजिटल रुपान्तरण परियोजना कार्यान्वयनका लागि सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर भएको छ। अर्थमन्त्रालयमा गतसाता एक समारोहबीच सो सम्झौतामाहस्ताक्षर भएको हो। सम्झौतापत्रमा नेपालका तर्फबाट अर्थसचिव डा घनश्याम उपाध्याय र नेपालका लागि एडिबीका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गर्नुभएको थियो। सो परियोजना दक्षिण एशियामै पहिलोपटक एडिबीास्–विश्व बैंकपूर्ण पारस्परिक निर्भरता ढाँचाअन्तर्गत सह-वित्तीय लगानी हुने परियोजना रहेको अर्थमन्त्रालयको दाबि छ। मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा परियोजनामार्फत सरकारी डाटा होस्टिङ तथा साइबर सुरक्षा पूर्वाधार सुदृढ गरिनेछ। जसले सरकारी डिजिटल प्रणालीको सुरक्षा र लचिलोपन अभिवृद्धिगर्ने अपेक्षा गरिएको छ। परियोजनाअन्तर्गत आधुनिक तथा सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक डिजिटल सार्वजनिक पूर्वाधारको विकास गरिने भनिएको छ। कूल लगानीमध्ये एडिबीले सहवित्तीय लगानीकर्ताकारुपमा ४० मिलियन अमेरिकी डलर र विश्व बैंकले प्रमुख ऋणदाताको रुपमा ४० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएका छन्। विश्व बैंकसँग यसअघिनै ऋण सम्झौता सम्पन्न भइसकेको थाहाभएको छ। उक्त परियोजनाले सरकारी डिजिटल प्रणालीहरुको आधुनिकीकरण, संस्थागत संरचना सुदृढीकरण तथा डिजिटल प्लेटफर्महरुको प्रयोग विस्तारमार्फत कार्यक्षमता, पारदर्शिता र नागरिकको सरकारी सेवामा पहुँच सुधारगर्न सहयोग पुऱ्याउने सरकारी दाबि छ। सो परियोजना नेपाल सरकारको १६ औं योजना तथा १०० दिने सुशासन सुधार कार्ययोजनासँग समेत सम्बद्ध रहेको जनाइएको छ। परियोजनाका प्रमुख कार्यक्रमहरुमा सरकारी डिजिटल प्लेटफर्म तथा साझा सेवाहरुको स्तरोन्नति, साइबर सुरक्षा तयारी सुदृढीकरण, तथा डिजिटल प्रणाली सञ्चालन र दिगोपन सुनिश्चितगर्न संस्थागत तथा मानव श्रोत क्षमता विकास समावेश छन्। सम्झौता हस्ताक्षरपछि एडिबीका देशीय निर्देशक कोश्वाले समावेशी विकास र प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि डिजिटल प्रविधिको उपयोग गर्ने नेपाल सरकारको प्रतिबद्धता कार्यान्वयनमा यो परियोजनाले महत्वपूर्ण भूमिका निर्वाहगर्ने विश्वास व्यक्त गर्नुभएको थियो।

## निजामती विधेयकको मस्यौदा तयार हुने

काठमाडौं। सरकारले निजामती विधेयकको मस्यौदा तयारगर्न लागेको थाहाभएको छ। संघीय शासन प्रणालीलाई सुदृढ र संस्थागतगर्नका लागि तर्जुमा गरिएको संघीय निजामती सेवा विधेयकको प्रारम्भिक मस्यौदामाथि तीन हजार ५०० भन्दाबढी राय, सुझाव तथा पृष्ठपोषण प्राप्तभएको बताइएको छ। सामान्य प्रशासन मन्त्रालयले एक सूचना जारीगरी यसका अतिरिक्त बिभिन्न सामाजिक सञ्जालमा व्यक्त भएका सुझाव र प्रतिक्रियासमेत संकलन तथा विश्लेषण गरिरहेको जनाएको छ। सरोकार भएका निकाय, राष्ट्रसेवक कर्मचारी र आमनागरिकको जानकारी तथा पृष्ठपोषणका लागि गत ११ गते मन्त्रालयको आधिकारिक वेबसाइटमा उक्त मस्यौदा प्रकाशन गरिएको थियो। विधेयकलाई थपप्रभावकारी बनाउन प्राप्त सुझावलाई व्यवस्थितरुपमा संकलन, अध्ययन तथा विश्लेषणगर्न प्रशासन सुधार महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यसमूह गठनगरी अध्ययन विश्लेषणको कार्य भइरहेको मन्त्रालयले जनाएको छ। मन्त्रालयले सूचनामा मन्त्रालयद्वारा सार्वजनिक विधेयकको मस्यौदा प्रारम्भिक मस्यौदा भएकाले यसमा सुधारका धेरै क्षेत्रहरु रहेका विषयमा मन्त्रालय अवगत छ। अतःमस्यौदालाई अन्तिमरुप दिनुपूर्व सरोकार भएका निकायबाट प्राप्त सुझाव अध्ययनगरी उपयुक्तता र औचित्यका आधारमा समावेश गरिने विषयमा सम्बद्ध सबैलाई आश्वस्त हुन भनेको छ।

## ट्रेड यूनियन कटौती नगर्न आग्रह

काठमाडौं। सरकारको ट्रेड यूनियन कटौतीगर्ने योजनाको सर्बत्र बिरोध भैरहेको छ। यसैक्रममा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी यूनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल मधेसी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठनले संयुक्त बक्तब्य प्रकाशितगरी निजामती विधेयकमा ट्रेड यूनियन अधिकार कटौती नगर्न आग्रह गरेका छन्। ०७२ को संविधान र अन्तरराष्ट्रिय श्रम संगठनमा नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर र अनुमोदन गरेका अभिसन्धिअनुसार सबै पेशाकर्मीले संगठित हुने र रोजेको संगठनको सदस्य हुन पाउनेगरी पूर्ण ट्रेड यूनियन अधिकार सुनिश्चितगर्न उनीहरुले माग गरेका हुन्। उनीहरुले संयुक्त विज्ञप्तिमार्फत सार्वजनिक सेवामा कार्यरत कर्मचारीको हकहित संरक्षण, सहभागिता र सामूहिक सौदाबाजीको अधिकारलाई कानूनीरुपमा मजबुत बनाउनसमेत आग्रह गरेका छन्। सामान्य प्रशासन मन्त्रालयले गत ११ गते निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन-०८१ बमोजिम आवश्यक सुझावका लागि सार्वजनिक गरेको थियो। त्यसयता बिभिन्न क्षेत्र र पक्षले सुझाव दिनेक्रम जारी छ।

## वाणिज्य बैंकद्वारा कृषिमा लगानी

काठमाडौं। सरकारको कृषिमा लगानीगर्ने कृषि विकास बैंक हुँदाहुँदै राष्ट्रिय वाणिज्य बैंकले कृषिमा लगानी बढाउँदै लगेको थाहा भएको छ। विशेषगरी कृषि क्षेत्रमा गरिने कर्जा लगानीलाई प्राथमिकतामा राख्दै बैंकले ०८२ चैत मसान्तसम्म ३९ अर्ब ५३ करोड २० लाख कृषि कर्जा प्रवाह गरेको थाहाभएको छ। बैंकको आधार दरमा न्यूनतम प्रिमियम कायमगरी सस्तो ब्याजदरमा कृषि कर्जा प्रवाह गरिरहेको बैंकले कृषक तथा कृषि उद्यमीलाई आकर्षितगर्न कृषिसँग सम्बन्धित कर्जामा प्रशोधन शुल्कमासमेत सुविधा प्रदानगर्दै आइरहेको सूचना अधिकारी पवन रेग्मीले जानकारी दिनुभएको छ। बैंकले कुखुरापालन, बाख्रापालन, गाईपालन, भैंसीपालन, माछापालन लगायतका कृषि परियोजनामा लगानीगर्दै आइरहेको बैंकले पछिल्लो समयमा बिभिन्न प्रदेशमा बिभिन्न कृषि उत्पादनलाई जोडदिँदै ४.७५ प्रतिशत ब्याजदरमा पाँच करोडसम्मको प्रदेश विशेष कृषि कर्जा प्रदानगर्ने गरेको छ। त्यसैगरी बैंकले स्थानीय साना कृषकलाई लक्षितगरी कुनै पनि प्रशोधन शुल्क नलिई बैंकले ४.७५ प्रतिशत ब्याजदरमा १० लाखसम्म साना किसान सरल कर्जा उपलब्ध गराइरहेको जनाएको छ। सूचना अधिकारी रेग्मीले बैंकले किसानहरुका **बाँकी ७ पेजमा**

## बाणिज्य..

लागि किसान क्रेडिट कार्डको सुविधा पनि उपलब्ध गराइरहेको छ, कृषि कर्जाको सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन बैंकले छुट्टै कृषि कर्जा नीति जारीगरी कृषि कर्जा कार्यविधिसमेत लागू गरेको बताउनु भएको छ। कृषिमा गरिने लगानीलाई प्रभावकारी बनाउन बैंकको केन्द्रीय कार्यालयमा छुट्टै कृषि तथा सामाजिक बैंकिङ विभाग स्थापना गर्नुकासाथै सो क्षेत्रमा दक्ष कृषि विज्ञलाई कर्मचारीकारुपमा भित्रचाई बैंकले विभाग, प्रादेशिक कार्यालय र शाखा कार्यालयमा खटाउँदै आएको बैंकले जनाएको छ। उक्त बैंकको स्थापना ब्यापार तथा बाणिज्य क्षेत्रमा लगानीगर्न गरिएको थियो।

## नेपालमा...

३३.९ प्रतिशत रहेकोले बचत-लगानी अन्तर २५.४ प्रतिशतले ऋणात्मक रहेको छ। यद्यपि विप्रेषणका कारण राष्ट्रिय बचत उच्च देखिएको छ। पछिल्लो वर्षहरुमा लगानी घट्दैगएको छ र निजी क्षेत्रको लगानी समेत घटेर १४.७ प्रतिशतमा पुगेको छ। सार्वजनिक स्थितिपत्रअनुसार पछिल्ला वर्षहरुमा राजस्व वृद्धिदर घटेको देखिएको छ। कोरोनाको महामारी अघि १४.९ प्रतिशत रहेको औसत वृद्धिदर त्यसपछि ८.७ प्रतिशतमा झरेको छ। चालु आबको चैतसम्म राजस्व सात खर्ब ८० अर्ब रुपैयाँ पुगेको छ। जुन गत वर्षको तुलनामा ४.४ प्रतिशतले मात्र बढी हो। लक्ष्यअनुसार राजस्व संकलन हुननसकेको र कर आधार सीमित रहेको प्रतिवेदनले देखाएको छ। कूल कर राजस्वको करिब ४५ प्रतिशत आयातमा आधारित रहेको छ। कूल आन्तरिक राजस्वको ५१ प्रतिशत हिस्सा १०० ठूला करदाताबाट आउने गरेको छ। करदातामध्ये ठूलो हिस्सा नियमितरुपमा कर विवरण नबुझाउने समस्या पनि देखिएको छ। नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार कूल गार्हस्थ्य उत्पादनको करिब ४० प्रतिशत रहेको अनुमान गरिएको छ।

## कर्मचारीको...

कामको बचाउ, मुद्धाको सन्दर्भमा पक्राउगर्न परेमा अख्यिारवालाको सहमति लिनुपर्ने, तलबको नियमित पुनरावलोकन, देशको वित्तीय क्षमताले भ्याउनेसम्मको सुविधाको व्यवस्था रहेकाले विधेयकको मस्यौदा कर्मचारीमैत्री रहेको दाबी गरिएको छ। केन्द्रदेखि स्थानीय तहसम्म तहगतरुपमा लैजाने र तहगत प्रणालीले संघीयतालाई समन्वय र एकीकृत गराउने र सुशासन र सेवा प्रवाहमा असर गरिरहेको सरकारी निकायमा ट्रेड यूनियन नराख्ने विषय सकारात्मक विज्ञहरुको भनाइ छ। त्यस्तै सरुवा प्रणालीलाई अनुमान योग्य, पारदर्शी र अनिवार्य गरेको तथा कर्मचारीमा आचरणका नियमहरुले मर्यादित भएर कामगर्न प्रेरित गर्ने देखिएको उहाँहरुको भनाइ छ। गुनासा सुनुवाइ संयन्त्र गठन तथा प्रशासन सुधार नियमितगर्ने विषयलाई सकारात्मक पक्षका रुपमा लिइएको छ। सेवा प्रवेशको हालको उमेर अवधिलाई पनि चरणबद्ध रुपमा घटाउनुपर्ने विज्ञहरुको सुझाव छ। रासस

## पश्चिम..

दिनुपर्ने धारणा राख्दै आएको छ। अमेरिकी उच्च अधिकारीहरुले इरानसँग संवादको प्रयास गरे पनि त्यहाँको शक्ति संरचनाबारे स्पष्टता नहुँदा वार्ता प्रभावकारी हुन सकेको छैन। इजरायली आक्रमणपछि इरानका शीर्ष नेतृत्व तहमा क्षति पुगेकाले निर्णय प्रक्रियामा अन्योल देखिएको छ। युद्धको मानवीय असर पनि गम्भीर बन्दैगएको छ। संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपी) ले चेतावनीदिँदै युद्ध र त्यसबाट बढेको मलको मूल्यका कारण १६० देशका तीन करोडभन्दा बढी मानिस गरिबीमा धकेलिन सक्ने जनाएको छ। संस्थाका प्रमुखले यस अवस्थालाई बस्उिल्टो विकासको संकेत भन्नुभएको छ। इरानभित्र आर्थिक संकट गहिरिँदै गएको छ। राष्ट्रिय मुद्रा रियाल डलरको तुलनामा ऐतिहासिक न्यूनविन्दुमा झरेको छ। तेहरानका सर्वसाधारणले विगतका वार्ताहरुले जीवनस्तर सुधार्न नसकेको गुनासो गरेका छन्। एक स्थानीय बासिन्दाका अनुसार, हरेक वार्तापछि जनताको आर्थिक अवस्था थप बिग्रिएको अनुभव छ। यसैबीच, इरानले अमेरिकी नाकाबन्दी हटाएपछि मात्र हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण खुकुलो पार्ने प्रस्ताव गरेको छ। तर वासिङ्टनले उक्त प्रस्तावप्रति अविश्वास प्रकट गरेको छ। क्षेत्रीय तनाव अझै कम भएको छैन। इजरायल र इरान समर्थित समूहहरुबीचको द्वन्दका कारण लेबनानमा पनि हिंसा जारी छ। युद्धविराम विस्तार भए पनि इजरायली आक्रमणहरु रोकिएका छैनन्। हालैका आक्रमणहरुमा लेबनानी सैनिकहरु घाइते र एकजनाको मृत्युभएको बताइएको छ। लेबनानका राष्ट्रपतिले स्थायी शान्तिका लागि वार्तानै एकमात्र उपाय भएको उल्लेखगर्दै युद्धविराम पूर्णरुपमा कार्यान्वयन हुनुपर्ने बताउनुभएको छ। तर निरन्तर हिंसाले मानवीय संकट गहिरिँदै गएको छ, जहाँ १२ लाखभन्दा बढी मानिस भोकमरीको जोखिममा पर्ने आँकलन गरिएको छ। इरान अमेरिका युद्धले विश्वमा तनाव बढेको हालको अवस्थामा पनि राष्ट्रसंघ लगायतका कुनैपनि निकाय र देशहरुले युद्ध रोकाउन दबाव बढाउन सकेका छैनन्।

## कोरला..

व्यापारी तथा प्रयोगकर्ता किसानलाई सोको प्रयोगमा निरुत्साहितगर्न बिभिन्न सचेतामूलक कार्यक्रम सञ्चालन गरिने निर्णय भएको अध्यक्ष गुरुङले जानकारी दिनुभएको थियो। उहाँकाअनुसार मुस्ताङमा ०३२ सालमा नापीहुँदा थोरै क्षेत्रफलमात्र भएको, बसोबास रहेको क्षेत्र नापी हुन नसकेकाले यसको दीर्घकालीन समस्या समाधानका लागि विभागबाट नापी गोश्वारा खटाएर प्रविधिमैत्री नापीका लागि सम्बन्धित निकायलाई अनुरोधगर्ने निर्णय भएको छ। घरपझोङ गाउँपालिकाले आयोजना गर्ने भनिएको जलवायु सम्मेलनलाई मुस्ताङका अन्य पालिकाले अपनत्व ग्रहणगर्दै सामूहिक एक्येबद्धता जनाउन सहलगानी गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले जानकारी दिनुभएको थियो। उहाँका अनुसार जलवायु संकटले समग्र मुस्ताङ जिल्लाको आर्थिक, सांस्कृतिक, भौतिक, जैविक विविधतालगायत क्षेत्रमा प्रतिकूल असर पुऱ्याएको उल्लेखगर्दै जलवायु संकटसँग जुध्दै अघिबढ्ने गरी विश्व समुदायकको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको औँल्याइएको छ। जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा आयोजित बैठकमा यहाँका पाँचवटै पालिकाका अध्यक्ष/उपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो।

## आजका...

गरिने एकता। यो विधि हामीले क. लक्ष्मण उप्रेती नेतृत्वको नेकपा रातो तारासँग एकतागरी हाम्रो अखिल नेपाल कम्युनिष्ट पार्टीको पुनर्गठनगर्दा वा नारायण शर्मा नेतृत्वको अखिल नेपाल कम्युनिष्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टीबिच एकता भै क. लोकनारायण सुवेदीको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको पुनर्गठन गर्दा अपनाइएको छ। चौथो पनि विधि छ, त्यो हो एकताको उद्देश्यले धेरैसँग संवाद र सहकार्य बढाउँदै जाने। त्यसक्रममा मिल्नेहरुसित एकता पनि गर्दैजाने र मिल्न अलि बढी समय लाग्ने वा पार्टी एकताको सम्भावना कम देखिएमा तीसँग दीर्घकालीन संयुक्त मोर्चा बनाई आधारभूत मुद्धाहरुलाई लिएर संघर्षगर्दै जाने। यो सहकार्यको दौरानमा एकले अर्कालाई विचार, भावना, संगठन, संघर्ष र शैलीका आधारमा चिन्दै गएर अन्ततः मिल्नेसंग एकतामा पुग्ने, नमिल्नेसँग स्वतः नमिल्ने हुन्छ र यो प्रक्रियानको अन्त हुन्छ। पाँचौं विधि हो : तत्काल एकतागर्दा केही कठिनाइ भएमा कम्युनिष्ट क्रान्तिकारी भनिनेहरुको महासंघ बनाएर पनि सहकार्यगर्दै जाने गर्नसकिन्छ। पार्टी एकताकै लागि समय बढीलागेर ढिलै हुने भएपनी यसप्रक्रियानबाट पनि एकातिर देश र जनताका तात्कालिक जल्दाबल्दा समस्याहरुलाई एकताबद्ध भएर जनतालाई विश्वासमा लिई जोडदार रुपमा आन्दोलन उठाउन सकिन्छ र राज्यलाई आवश्यक खबर्दारीगर्न सकिन्छभने अर्कातिर लामो समयको यसप्रकारको सहकार्यपश्चात् पनि कम्युनिष्ट आन्दोलनलाई एकीकृत र ध्रुवीकृतगर्ने सम्भावना कायम रहन्छ। अन्त्यमा, एउटा महत्वपूर्ण कुरा। देश र जनताको हकहितलाई केन्द्रमा राखेर सोंच्न र गर्न इमान्दार, प्रतिबद्ध र कटिबद्ध हुने होभने सकेसम्म उल्लिखित विधिहरुबाट पनि एकतागर्न र टिकाउन सकिन्छ, नभए पनि अझ अर्को कुनै नयाँ विधि सोंच्न र लागूगर्न पनि सकिन्छ। यस्ता केही सहमतीका बुँदा बनाई इमान्दारीपूर्वक लागू गर्न/गराउन नेतृत्वपंक्ती दृढतापूर्वक लाग्ने हो भने पार्टी एकता सफल र सार्थक हुने देखिन्छ। आवश्यक परे हामीले तयार गरेका एकताका आधारभूत बुँदाहरु उल्लिखित दस्तावेज पनि उपलब्ध हुन सक्छ। अहिलेको ठोस स्थितिमा त यस्तो एकता यस कारणले पनि सफल हुनैपर्ने भएको छकि यो ऐतिहासिक रुपले अनिवार्य आवश्यकता बनेको छ। अन्यथा हठी, दम्भी, मपाइँवादी, एक्लेवीर वा कायर, क्रान्तिकारी वा शान्तिवादी सबै कम्युनिष्ट भनिने मात्र होइन नभनिने क्रान्तिकारीहरु समेतको 'लौरी पनि म पनि सँगै सललल्झ भनेझैं हुन्छ। यसरी नै कम्युनिष्ट पार्टी र क्रान्तिकारी आन्दोलनसँगै मैहुँ भन्ने नेताहरु पनि साम्राज्यवादी बाढीले बगाएर लैजाने निश्चितजस्तै छ। **लेखक : नेकपाका बरिष्ठ नेता हुनुहुन्छ।**

## बजेट...

व्यापारको यथार्थ, मूल्य अस्थिरता र आयात प्रक्रियाका व्यावहारिक पक्षलाई ध्यानमा राख्नुपर्नेमा जोड दिएको छ। साथै उपभोक्ता संरक्षण र पारदर्शिता कायमगर्ने उद्देश्यलाई ध्यानमा राख्दै लचिलो र प्रविधिमैत्री प्रणाली विकास गर्नुपर्ने सुझाव दिएको छ। यसैगरी, चेम्बरले निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा कम गर्न सरकारको ध्यानाकर्षण गराएको छ। स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन वृद्धि, मूल्य अभिवृद्धिगर्ने उद्योगलाई प्रोत्साहन, निर्यात अनुदान वृद्धि र सातै प्रदेशमा निर्यात गृह स्थापना गर्नुपर्ने प्रस्ताव अघि बढाइएको छ। भारत-युरोप स्वतन्त्र व्यापार सम्झौताले नेपालको निर्यातमा पर्ने प्रभावलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीतिमा समयानुकूल परिमार्जन आवश्यक रहेको पनि चेम्बरले जनाएको छ। निजी क्षेत्रको लगानी प्रवर्द्धन, स्टार्टअप र युवा उद्यमशीलता विकास, व्यवसाय दर्ता तथा कर प्रणालीको डिजिटाइजेसन, साना तथा मझौला उद्योगलाई सहुलियत तथा आपूर्ति प्रणाली सुदृढीकरणका विषयमा चेम्बरले सरकारलाई सुझाव दिएको छ।

## बर्तमान...

नागरिक अधिकारको उल्लंघन भएको विपक्षीहरुको तर्कप्रति जनसमर्थन बढेर जाने देखिएको छ। बिपक्षी दलहरुले सुकुम्बासी समस्यालाई कूटनीतिक र कानूनी प्रक्रियाबाट समाधान गर्नुको सट्टा बल प्रयोग गरेर हटाउन खोज्नुले मुलुकमा थप मुठभेड निम्त्याउने चेतावनीसमेत दिएका छन्। उनीहरुले सरकारलाई तत्काल यस्ता कार्य बन्दगरी भूमिहीन र अव्यवस्थित बसोवासीहरुको उचित पहिचान र दीर्घकालीन व्यवस्थापनमा लाग्न आग्रहसमेत गरेका छन्। यस्तो अवस्थामा सरकार आफ्ना कदमबाट पछाडि फर्कन पनि नसक्ने र अगाडि बढ्न पनि नसक्ने अवस्थामा पुगेको देखिएको छ। यस्तै अवस्था होभने रास्वपाको यो सरकार पनि आफ्नो तोकिएको समय अगावै ढल्ने अवस्था आउन सक्छ। वास्तवमा झण्डै दुईतिहाइ मत हाँशिल गरेको बर्तमान सरकारले सत्ता सम्हालेपछि दपेट्ने नभएर समेट्ने नीति लिएको हुनुपर्ने थियो। बहुदलीय संसदीय व्यवस्थाका बिश्वब्यापि मूल्य, मान्यता र आदर्शहरुलाई स्थापित गराउने प्रयास गरेको हुनुपर्ने थियो। होइन व्यवस्थामा परिवर्तन गराउन चाहेको होभने तेश्रो संविधान सभाको घोषणा गरेर बिधि र प्रक्रियाअनुसार नयाँ संविधान बनाउने तिर लागेको हुनुपर्ने थियो। तर सबै गतिबिधि उल्टो बाटोबाट थालेकाले देशमा शान्ति सुब्यवस्था पनि कायम नहुने र बर्तमान सरकारको टिकाउ पनि नहुने अवस्था सिर्जना भएको छ। युवाहरुले जोस देखाएरमात्र हुँदैन। होस पुऱ्याउन पनि सक्नुपर्दछ। आजका सन्दर्भमा यो महत्वपूर्ण बिचारणिय कुरा हो।

## आजका..

नाराको आत्मा(मूख्य अन्तरबस्तु)लाई उच्च उठाउनका लागि मार्क्सका बिचारहरु प्रचारित गरेका हुन्। हुनपनि आज नवउदारवाद अन्तरगत बित्तीय पूँजीवादी-साम्राज्यवादी ब्यवस्था आफ्नो लामो इतिहासमा सबैभन्दा नराम्रोसँग अझ दीर्घकालीन संकटका बीचबाट अहिले गुज्रिरहेको छ। सामाजिक जीवनका सबै परिक्षेत्र जसमा बिज्ञान र प्रबिधिको अत्याधुनिक ताजा प्रगति पनि शामेल छ, मुट्ठीभर कर्पोरेट खर्ब पतिहरुको कब्जामा छ। गरीबी, भोक, बेरोजागारी, बिस्थापन, पलायन, सम्पत्तिहरुण, असमानता, असुरक्षायुक्त खतरा, पर्याबरण बिनाश, साँस्कृतिक अधपत्तन आदि इत्यादि जस्ता गम्भीर बिषय बस्तुहरु अत्यन्तै नराम्रो स्थितिमा पुगिसकेको छन्। एउटा सामाजिक ब्यवस्थाको रुपमा बित्तीय पूँजीवाद-साम्राज्यवाद आज काल-दोषको शिकार भएको छ। यस अनुकूल बस्तुनिष्ठ परिस्थिति उपस्थिति हुँदाहुँदै पनि बामपन्थी तथा कम्युनिष्ट आन्दोलन आज कमजोर अबस्थामा छ। त्यो यस स्थितिमा छैन कि त्यसले मजदुर बर्ग तथा उत्पीडित जन समुदायका बीचमा उत्पन्न र ब्याप्त असन्तोषलाई क्रान्तिकारी बाटो प्रदान गर्न सकोस्। आज कम्युनिष्ट, बामपन्थी र प्रगतिशील शक्तिहरुको एउटा मूख्य कमजोरी के देखापरेको छ भने त्यो शक्ति विश्वका जनवादी, समाजवादी आन्दोलनका बिगतका सकारात्मक र नकारात्मक प्रयोगहरुबाट उचित र आवश्यक शिक्षा लिन र त्यस अनुरुप राजनीतिको बिकास गर्न असक्षम देखिएको छ। त्यसले गर्दा बिखण्डित र बिचलित बिगतका समाजवादी देशहरुको नोकरशाही र केन्द्रिकत राज्यतन्त्रको नाममा स्वतन्त्र बजारका प्रवक्ता र नवउदारवादी बिचारको वकालतकर्ता उत्तर आधुनिकवादीहरुले मार्क्सवाद माथि जोडदार हमला गरिरहेका छन्। मार्क्सवादी शिक्षासँग यान्त्रिक र जडसुत्रादी किसिमले टाँस्सिरहनुका साथसाथै ऐतिहासिक तथा सामाजिक बिशेषता तथा परिस्थिति अनुरुप मार्क्सवादलाई अझ बिकास गर्नमा असक्षम रहनाले पनि शोषणकारी बर्ग शत्रुलाई मार्क्सवादको मृत्युको घोषणागर्न बल प्रदान गऱ्यो गरिरहेको छ। यसका अतिरिक्त बिचारधारको अन्त्य, इतिहासको अन्त्य, उत्तर-बैचारिक राजनीति जस्ता चरम दक्षिणपन्थी भबिष्यबाणी गर्नका लागि पनि अनुकूल माहोल बनेको हो। तर यस्तो प्रतिकूल समय र स्थिति हुँदाहुँदै पनि प्राय सबैजसो ठाउँहरुमा मजदुर बर्ग तथा उत्पीडित जन समुदाय अहिले विश्वभरी संघर्षरत छन्। आज विश्वमा अनौपचारिक तथा असंगठित तप्का निकै ठूलो स्तरमा संगठितहुँदै गएको पनि देखिदै आएको छ। त्यसमा शोषित उत्पीडित बर्ग-मजदुर, किसान,महिला, प्रबासी शरणार्थीहरु र उत्पीडित जनसमुदायहरुले आफ्नो हक हतिकारको माग पनि गरिरहेका छन्। यसलेगर्दा के दिन प्रतिदिन स्पष्ट हुँदैअएको छ भने बिद्यमान मानव र प्रकृतिको निर्मम दोहनगर्ने नवउदारवादी ब्यवस्था अन्तरगत चौतर्फी संकट खडा भएको र त्यसको समाधन यस ब्यवस्थामा हुन सक्तैनभन्ने पुनः प्रष्ट भएको छ। यस अत्यन्तै संकटपूर्ण स्थितिमा मार्क्सका योगदाहरुलाई पुनः गम्भीर अध्ययन, चिन्तन र मननगर्नु अत्यन्तै महत्वपूर्ण र आवश्यक छ। केही मानिसहरुले बुझ्ने र भन्ने गरेजस्तो मार्क्सवाद बिचारहरुको अमूर्त संकलन होइन, यो त बैज्ञानिक र ब्यवहारिक दुबै बिचार हो। यसले कसैमाथि केही थोपर्दैन, बरु बस्तुनिष्ठरुपमा बिद्यमान समाजिका सम्वन्धहरुबाट शुरु गर्दछ र त्यसबाट पार पाउने प्रकृयामा मार्क्सवादले आफूलाई बिकसित तुल्याउँदछ। यसले कसैलाई समस्या समाधानगर्ने मसिहा बनाउदैन बरु जनताले स्वयं राजनीतिक चेतनवाट सुसज्जित बनेर आफ्नो अस्तित्व स्वयं बदल्दछन् भन्ने कुरामा यो एकदमै प्रष्ट छ। मार्क्सलाई कुनै पनि बेला सम्झने गर्दा यस कुरामा ध्यान केन्द्रित गर्नैपर्दछ कि जनता मौजुदा शोषणकारी ब्यबस्थालाई बदल्न सचेत, संगठित र संघर्षशील भएर स्वयं अघि बढछन्। विश्व समाजको परिवर्तनको इतिहास यस्तै रहेको छ। त्यसै संघर्षकाक्रममा नै नेतृत्वको जन्म र बिकास पनि हुनेगर्दछ। त्यसैले आज चुनावमा पछारिएको र ६५ प्रतिशबाट १५ प्रतिशतमा झरेका संसदवादी कम्युनिष्टहरुले भन्ने गरेजस्तो एकताको खोजीले कुनै अर्थ राख्दैन। किनभने बिगतमा भएका यथास्थितिवादी संसदीय एकता अभ्यासले पनि यो कुरा राम्रैसँग दर्शाइसकेको छ। स्वाधीन, आत्मनिर्भर, समुन्नत र सुरक्षित भबिष्य भएको देश निर्माणगर्न र दीगोरुपमा त्यसलाई कायम राख्न सकिने नेपाली जनताका साझा समस्याहरु नै कम्युनिष्ट एकता र सार्थक सफलताका मूल आधारहरु हुन्। त्यसैले आमूल परिबर्तनकारी चिन्तन, चरित्र र सामुहीक साझा अभ्यासको बाटो हिड्ने दृढ संकल्प ब्यबहारमा मूर्तरुपमा खरो उत्रिनु पर्दछ। आजको कम्युनिष्ट एकताको राष्ट्रियआधार र आवश्यकतायही नै हो। त्यसबाट दायाँ बायाँ गरेर सही निष्कर्शमा पुग्न र सही बाटो पहिल्याउन सकिदैन। अहिलेको अबस्था किन जिउ दुःखेको सबै परीक्षण नगरी सिटामोल चक्की दिएर काम चलाउन खोजेको जस्तो मात्रै हो कम्युनिष्ट एकताको कुरा। यसले रोग निको पार्दैन केही बेर अल्मल्याउने टालटुले कुरा मात्र हुन्छ। अहिलेसम्मको अनुभवले दर्शाएको यथार्थ वास्तबिकता पनि यही नै हो। त्यसर्थ राष्ट्रियता, जनतन्त्र र जनजीबिकाका समस्या आजसम्म किन हल हुन सकेनन्, कम्युनिष्ट चरित्र, चिन्तन र ब्यबहारमा किन ह्रास आयो यी कुराको गम्भीर, गहन र गहिरो समीक्षा नगरी सही दिशामा अघि बढ्न सकिने छैन।यस धरातलीय वास्तबिकतालाई ठण्डा मस्तिष्कले मनन गरौं ! एकतालाई सस्तो र बिग्रहलाई गरुंगो नवनाउँ। बल सही र क्रान्तिकारी एकतामा छभन्ने कुरा त पटक पटक साबित भइसकेको र भइरहेको कुरा छ। हाम्रो देशकै मात्र कुरा गर्दा पनि ०३६ साल०४६ र ०६२/६३ साझा संयुक्त आन्दोलनको सफलता, उत्साह र उर्जालाईमात्र सम्झे पुग्छ। निश्चय नै ती आन्दोलनहरुका पनि सीमा र सामर्थ्य कति थियो र त्यसबाट आउन र पाउन सकिने कुराहरु के के थिएभन्ने कुराको दायरालाई बिर्सन मिल्दैन। आमूल परिबर्तनको उच्च चरणमा ती आन्दोलन बिकसित हुन सकेको थिएनन्। सकुचनका समस्या र बाध्यताहरु थिए। त्यसमाथि आन्तरिक यथास्थितिवाद र बाह्य बित्तीय साम्राज्यवादी पूँजीवादले जकडेको स्थितिलाई चिर्न छोडेर कम्युनिष्ट आन्दोलनको त्यसैलाई भिर्न थालेपछि जुन बिकृति र बिसंगति पैदाभयो। त्यसैको परिणति आजको स्थिति हो भन्न खुलस्त यथार्थको गम्भीर समीक्षाको माग गर्दछ । हचुवा एकता र हलुका बिभाजनको चाकाचुली खेलेर समस्याको समाधान भेटिने र देश तथा जनताका दुःखदर्द मेटिने विश्वासिलो आधार खडा हुनसक्तैनभन्ने आजको राष्ट्रिय अन्तर्राष्ट्रिय बस्तुगत परिस्थितिको यथार्थ निचोड हो। यस आधारमा साझा अग्रगामी उन्नत मार्क्सवादी चिन्तन र ब्यबहारिक सोचकासाथ एकताबद्ध हुनुको कुनै बिकल्पै छैन। **(लेखक : नेकपाका संयोजक हुनुहुन्छ।)**

## नेपालको..

व्यवस्थापन र सार्वजनिक खर्चको गुणस्तर सुधार नगरी बजेट आकार बढाउनु निरर्थक हुन्छ। अर्थमन्त्री डा.वाग्लेले नीतिगत भ्रष्टाचार, पहुँच-आधारित अर्थतन्त्र र आसेपासे पूँजीवादले प्रतिस्पर्धात्मक बजारलाई कमजोर बनाएको बताउनुभएको छ। जसले सक्षम उद्यमीलाई निरुत्साहित गरेको छभने नयाँ लगानीकर्तालाई जोखिम बढाएको देखिएको छ। निजी क्षेत्रप्रति अविश्वास र नीतिगत अस्थिरता कायम रहँदा लगानी आकर्षित हुनु असम्भवजस्तै छ। यिनै बिभिन्न किसिमका समस्याबाट अबको बाटो स्पष्ट हुनुपर्छभन्ने माग भैरहेको छ। बर्तमान सरकारले नीतिगत स्थायित्व सुनिश्चित गर्नुपर्ने अवस्था पनि छ। कर, लगानी, उद्योग र व्यापारसम्बन्धी नियमहरु बारम्बार परिवर्तन हुने प्रवृत्ति अन्त्य नगरी विश्वासको वातावरण निर्माणगर्न सकिँदैन। ऊर्जा, कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्रमा केन्द्रित रणनीति बनाएर कार्यान्वयन गर्नुपर्ने देखिएको छ। अब बर्तमान सरकारका कार्ययोजना समयसीमा र उत्तरदायित्वसहित कार्यान्वयन हुनुपर्छभन्ने आवाज उठेको छ। जलबिद्युत उत्पादन ३० हजार मेगावाट पुऱ्याउने महत्वाक्यांक्षी योजना रहेको देखिन्छ। तर त्यसको उपयोग औद्योगिकीकरण र निर्यातसँग जोडिएनभने पनि अपेक्षित लाभ प्राप्त हुनसक्दैन। सार्वजनिक-निजी साझेदारीलाई प्रभावकारी बनाउनु पनि त्यतिकै आवश्यक छ। तर त्यसका लागि स्पष्ट कानूनी ढाँचा र जोखिम व्यवस्थापन प्रणालीको ब्यवस्था आवश्यक छ। त्यसैगरी रेमिटेन्सलाई उपभोगबाट उत्पादनतर्फ मोड्ने ठोस कार्यक्रमको पनि आवश्यक्ता रहेको छ। वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको सीप उपयोग, साना तथा मझौला उद्यममा लगानी प्रोत्साहन र वित्तीय पहुँच विस्तारजस्ता उपायहरु तत्काल लागूगर्नुपर्ने अवस्था पनि छ। डिजिटल अर्थतन्त्र र सूचना प्रविधिमा लगानी बढाउनु आजको प्रमुख आवश्यकता हो। न्यून पूँजीमा उच्च मूल्य अभिवृद्धिगर्ने सो क्षेत्रले रोजगारी र निर्यात दुवैमा योगदान दिन सक्छ। अर्थमन्त्रीले ल्याएको स्थितिपत्रले समस्यासँगै अवसर पनि देखाएको छ। अब यी समस्या, उपायहरु कागजमै सीमित भएभने फेरि उही पुरानो चक्र दोहोरिन्छ। जसमा समस्या देखाउने, समाधानका वाचागर्ने र कार्यान्वयनमा चुक्ने कुराहरु रहेका छन्। गत फागुन २१ को निर्वाचनपछि नेपालको परिस्थिति केही फरक देखिएको छ। बलियो सरकार, अनुभवी अर्थमन्त्री र स्पष्ट समस्या पहिचान, यी सबै बर्तमान सरकारका लागि अवसरहरु पनि हुन्। आमनागरिक र निजी क्षेत्रले तथ्यांक होइन, परिणाम खोजेकाले सरकारले पनि त्यसैतर्फ ध्यान केन्द्रितगर्नु आवश्यक छ। जेठ १५ मा बजेट ल्याउने परंपरा रहेकाले पनि तयारी सोही अनुसारको हुन आवश्यक छ। बजेट केवल अंकहरुको दस्ताबेज मात्र होइन, आर्थिक रुपान्तरणको रोडम्याप बन्नुपर्ने देखिएको छ। नयाँ बजेटले नीतिगत स्थायित्व, सुशासन र उत्पादनमूलक अर्थतन्त्रतर्फको स्पष्ट दिशा दिन सक्नुपर्दछ। लोकप्रियता मात्र नभई, परिणाम ल्याउन सक्नुपर्ने देखिन्छ।

## लघु...

सेनाका प्रवक्ता सहायकरथीराजाराम बस्नेतले निर्देशनालयले नागरिकको सूचना पाउने अधिकारको सम्मान गर्दै नागरिक, सेनार सञ्चारजगतबीच पुलका रुपमा काम गरिरहेको बताउनुभएको थियो। उहाँले आमजनतालाई सूसूचितगर्दै चेतनशील समाज निर्माणका लागि खबरदारीगर्ने सञ्चारजगतर देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डतारराष्ट्रिय सुरक्षाको जिम्मेवार ीमारहेको सेनाको कार्य प्रकृति फर करहेतापनिराष्ट्रियहितर एकता दुवैको सर्वोपरी लक्ष्य हो भन्नुभएको थियो।